# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ३ अङ्क २७ पूर्णाङ्क १२५ | २०७५ पुस १६ गते सोमबार | Monday, Dec. 31, 2018 | पृष्ठ ८ | मूल्य रु. १०/-


## खत्रीको निधनप्रति क्रान्तिकारी माओवादीद्वारा श्रद्धाञ्जली व्यक्त

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)ले ८९ वर्षका दलजित खत्रीको निधनप्रति गहिरो दुःख मनाउ गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गरेको छ। नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव क.मोहन वैद्य 'किरण'द्वारा हस्ताक्षरित विज्ञप्तिमा स्वर्गीय केसी पार्टीको समर्थक र शुभचिन्तक रहिआएको खुलाइएको छ। स्व. केसी पार्टी केन्द्रीय समितिका सदस्य क. हस्तबहादुर केसीको पिता हुनुभएको र उहाँहरू रुकुमको पोखराबाट बाँकेको शमशेरगञ्जमा बसाइ सर्नुभएको पनि विज्ञप्तिमा जनाइएको छ । स्व. केसीको २ छोरा र २ बुहारी तथा ३ छोरी र ३ ज्वाइँ तथा नातिनातिनीहरू छन् ।

विज्ञप्तिमा केसीको निधनबाट मर्माहत हुन पुगेको केसी परिवारप्रति गहिरो समवेदना प्रकट गरिएको छ ।

# 'माओले देखाएको आदर्श नै नेपाली क्रान्तिको बाटो हो'

● वर्गदृष्टि संवाददाता

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य 'किरण'ले माओले देखाएको बाटोमा निरन्तर अघि बढ्न आह्वान गरेका छन् । १२६ औं माओदिवसको अवसरमा एक प्रेस विज्ञप्ति जारी गर्दै साम्राज्यवाद, विस्तारवाद तथा नवप्रतिक्रियावादमा पतन हुन पुगेको संशोधनवादका विरुद्ध निरन्तर संघर्ष जारी राख्न नेपाली सर्वहारा वर्ग, जनसमुदाय र संपूर्ण सुभेच्छुकहरूमा अपिलसमेत् गरेका छन् ।

२६ डिसेम्बर 'आज विश्वका विभिन्न देश र नेपालमा पनि १२६ औं माओदिवस मनाउने काम भइरहेको' भन्दै महासचिव किरणले ' माओ विश्व-सर्वहारा वर्ग र उत्पीडित जनसमुदायका एक महान् नेता तथा सुयोग्य शिक्षक हुनुहुन्थ्यो' भनेका छन् । सर्वहारा वर्गका एक महान् नेताको व्यक्तित्व र योगदानको स्मरणको यस महत्वपूर्ण 'ऐतिहासिक अवसरमा विश्व तथा नेपाली सर्वहारा वर्ग, जनसमुदाय तथा सम्पूर्ण शुभेच्छुकहरूप्रति हामी लाल सलाम अर्पण गर्दछौं', विज्ञप्तिमा भनिएको छ ।

युग परिवर्तनमा कमरेड माओको योगदानको चर्चा गर्दै विज्ञप्तिमा 'मार्क्सवादका तीन संघटक अंग अर्थात् दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादको क्षेत्रमा माओले गरेका विकास सार्वभौम रहेको' र यसले 'सबैखाले प्रतिक्रियावाद, साम्राज्यवाद र संशोधनवादका विरुद्ध भीषण संघर्ष चलाउन' विश्व सर्वहारा वर्गलाई निर्देशन र प्रेरणा दुवै दिइरहेको कुरामा जोड दिइएको छ ।

विज्ञप्तिमा माओले चीनको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक, भूअवस्थिति तथा आन्तरिक-बाह्य विशिष्टतामा तात्कालीन मार्क्सवाद अर्थात् '

...बाँकी ७ पेजमा




## यसभित्र


तात्कालीन चिनियाँ र आजको नेपाली समाजको वस्तुगत परिस्थितिको तुलनात्मक विश्लेषण

सीपी गजुरेल  ३

फर्केर हेर्दा सन् २०१८

 कुमार शाह ५

कस्तो हुन्छ क्रान्तिको बाटो

कृष्णदास श्रेष्ठ  ८


## मुलुक फेरि माओवादीमय बन्दै गएको छ : *अधिकारी*



पोखरा । मोहन वैद्य'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी)का पोलिटब्युरो सदस्य एवं प्रदेश नं ४ का

...बाँकी ७ पेजमा

## माओवादको रक्षा, प्रयोग र विकास नै माओको योगदानको सच्चा स्मरण : सीपी गजुरेल 'गौरव'



काठमाडौं । मानव समाज रूपान्तरणका क्रममा माओले गरेको योगदानको स्मरण गर्नु भनेको माओवादको रक्षा, प्रयोग र विकास गर्नुसँग अभिन्न रूपमा जोडिएको नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) का नेता सीपी गजुरेलले बताएका छन् । नेकपा (क्रान्तिकारी माओवादी) ३ नम्बर प्रदेशद्वारा ललितपुरको कुपण्डोलमा बुधवार आयोजित १२६ औं माओदिवसका सन्दर्भमा प्रमुख अतिथि गजुरेलले उक्त कुरा बताएका हुन् । गजुरेलका अनुसार मार्क्स र लेनिनपछि मार्क्सवादी विचारमा सार्वभौम योगदान यदि कसैले गरेका छन् भने त्यो माओ नै हुन् भनेका छन् । माओको क्रान्तिकारी व्यक्तित्व, नेतृत्व तथा उनले प्रतिपादन गरेको नयाँ जनवादी क्रान्तिको सिद्धान्त विश्व व्यापी र सार्वभौम रूपमा प्रयोग भएको र हुँदै जाने पनि

...बाँकी ८ पेजमा

## कर्मचारी समायोजनमा संघीय सरकारको मनोमानी




काठमाडौं । ओली सरकारले प्रदेश तथा स्थानीय सरकारसँग कुनै पनि राय सल्लाह नलिइकन कर्मचारी समायोजनको काम थालनी गरेको छ। प्रदेशमा त्यहाँको भौगोलिक बनावट, प्रशासकीय संरचना र मानव बस्तीको अवस्थिति र विकास आदिका हिसाबले के कति कर्मचारीको आवश्यकता पर्छ, सोको बारेमा प्रदेश तथा स्थानीय सरकारसँग

...बाँकी ७ पेजमा

## क्रान्तिकारी माओवादीद्वारा देशैभर मनाइयो १२६औं माओ जयन्ती



काठमाडौं। विश्व सर्वहारा वर्गका महान् नेता तथा चिनियाँ नयाँ जनवादी क्रान्तिका नायक माओत्सेतुङको १२६ औं जन्म दिवस नेकपा (क्रान्तिकारी माओवादी) र मातहतको संयुक्त मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले देशैभर मनाएको छ । क्रान्तिकारी

...बाँकी ७ पेजमा

## जुन गोरुको सिङ छैन उसको नाम तिखे

ओली-प्रचण्डले नेतृत्व गरेको नेकपाले मस्यौदा राजनीतिक प्रतिवेदनमा राजनीतिक शक्तिहरूको विश्लेषण गर्ने सन्दर्भमा आफ्नो पार्टीलाई 'देशभक्तिपूर्ण आन्दोलनको अगुवा शक्ति हो' भनेको छ । उसको यो दाबीमा कति सत्यता छ तथ्यहरूले बताउने छ ।

कम्युनिष्टहरूले मावन समाजमा हुने वर्गीय उत्पीडनको साथै अन्य उत्पीडन र शोषणको पनि विरोध गर्दछन् । यसो गर्दा उसले एउटा देशले अर्को देशको सार्वभौमिकता र राष्ट्रिय स्वाधिनता माथि हुने सबै प्रकारको हस्तक्षपको पनि विरोध गर्दछन् । अर्को शब्दमा भन्दा कम्युनिष्ट पार्टीले आफ्नो देशमाथि अन्य देशहरूबाट हुने सबै प्रकारको हस्तक्षेपको विरुद्ध अग्र पंक्तिमा रहेर संघर्ष गर्दछन् । सबै देशभक्तहरू कम्युनिष्ट हुँदैनन् तर सच्चा कम्युनिष्टहरू अन्तराष्ट्रियवादी हुनुको साथै देशभक्त पनि हुन्छन् । तर ओली-प्रचण्डले नेतृत्व गरेको नेकपाले आफ्नो मस्यौदा राजनीतिक प्रस्तावमा भने भैं 'देशभक्तिपूर्ण आन्दोलनको अगुवाई' गरिरहेका छन् त ? यस विषयमा घटना र तथ्यहरूलाई हेरौं ।

*राष्ट्रघाती महाकाली सन्धि हुँदा तत्कालीन एमालेले नेपाली कांग्रेसलाई सहयोग नगरेको भए त्यो सन्धि हुने थिएन। एमाले भन्ने पार्टी ०४६ साल पछि यात एकल वा संयुक्त सरकारमा छ यात प्रमुख प्रतिपक्षमा छ। ०४६ साल देखि ०६३ सालको अवधिमा नै मित्रराष्ट्रहरूको सहयोगमा बनेको राष्ट्रिय उद्योगहरूलाई निजीकरण गर्ने भन्दै सिन्कीको भाउमा विदेशी दलालहरूलाई बेच्ने काम भयो*



● रामसिंह श्रीस ●

राष्ट्रघाती महाकाली सन्धि हुँदा तत्कालीन एमालेले नेपाली कांग्रेसलाई सहयोग नगरेको भए त्यो सन्धि हुने थिएन । एमाले भन्ने पार्टी ०४६ साल पछि यात एकल वा संयुक्त सरकारमा छ यात प्रमुख प्रतिपक्षमा छ। ०४६ साल देखि ०६३ सालको अवधिमा नै मित्रराष्ट्रहरूको सहयोगमा बनेको राष्ट्रिय उद्योगहरूलाई निजीकरण गर्ने भन्दै सिन्कीको भाउमा विदेशी दलालहरूलाई बेच्ने काम भयो । कतिपय उद्योगहरू सरकारको राष्ट्रविरोधी नीतिका कारणले बन्द भएका छन् । तत्कालिन एमालेले यी विषयहरूलाई लिएर कति आन्दोलन गऱ्यो ? त्यो सबै जनताको सामू प्रस्ट नै छ । वास्तवमा तत्कालिन एमाले र नेपाली कांग्रेस मिलेर देशको राष्ट्रिय उद्योगहरू दलाल

...बाँकी ८ पेजमा



# तात्कालीन चिनियाँ र आजको नेपाली समाजको वस्तुगत परिस्थितिको तुलनात्मक विश्लेषण

❑ सीपी गजुरेल, अध्यक्ष- देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल

**सन्दर्भ : १२६औं माओजयन्ती**

माओ दिवस आजका दिनमा मनाउनु आफैमा निकै सान्दर्भिक छ । विश्वमा माओको १२६ औं दिवस भव्य रूपमा मनाइरहेको खबर हामीहरूले पाइरहेका पनि छौं । नेपालको वर्तमान सन्दर्भमा माओदिवस मनाउनु भनेको आफैमा ऐतिहासिक महत्व रहेको छ ।

माओ दिवसको सान्दर्भिकता मुख्यतः दुईतीनवटा कारणहरूले गर्दा हुन गएको छ । एउटा जुन बेला हामीहरू महान् जनयुद्ध लडेर त्यसलाई एक उत्कर्षमा पुर्‍याएका थियौं, त्यो बेलामा माओवादलाई स्थापित गराउने कुरामा नेपाल निकै अगाडि थियो । संसारमा हिमालयबाट माओवादी व्यवस्थाको उदय भइरहेको छ भनेर संसारभर प्रचार भइरहेको थियो । हिमालयमा लाल झण्डा फहराइरहेको छ पनि भनिएको थियो । सबैमा नयाँ आशाको सञ्चार पनि भएको थियो ।

एक्काइसौं शताब्दीमा सगरमाथाको टाकुरामा रातो झण्डा गाडिदै छ भनेर पनि सबैको आशा थियो । त्यति गौरबले भरिएको थियो- हाम्रो महान् जनयुद्ध । यी सबै कुराले संसारभर माओवाद र माओवादी विचारलाई स्थापित गर्ने काम भएको थियो । यसरी विश्व कम्युनिष्ट आन्दोलनमा माओवादी विचारलाई स्थापित गर्ने ठूलो काम भएको थियो । संयोगको कुरा त के पनि थियो भने हाम्रो पार्टीको नाम नेकपा (माओवादी) नै थियो । लडिएको युद्ध पनि माओवादी जनयुद्ध नै थियो । तर दुर्भाग्य ! त्यति उचाइमा पुगेको जनयुद्धलाई त्यसैको नेतृत्वमा रहेको नेताले ध्वस्त बनायो ।

यो नेतृत्वले जनयुद्धलाई त समाप्त पारेरै छाड्यो । अन्ततः माओवादी विचारलाई पनि छाडेर हिंड्यो । अहिले त्यही माओवादी विचार र माओवादी पार्टीविरुद्ध ज्यान छाडेर लागिरहेको छ । अहिले जनताका माझमा एउटा प्रश्न उठेको छ कि जनयुद्धको नेतृत्व गरेको नेताले नै किन छाड्यो ? केही कारणहरू भएर न छाड्योहोला, नहुने भएर त छाड्यो होला, हुने भएको भए त किन छाडिदिन्थ्यो र ? एउटा यो प्रश्नको हामीले जवाफ दिनु जरुरी छ ।

अर्को कुरा, मानिसहरूले निकै आश्चर्य मानिरहेका छन् कि नेपालमा कम्युनिष्टको सरकार छ । त्यसको नेतृत्व कम्युनिस्ट नेताहरूले गरिरहेको छन् । एउटा पूर्व माओवादी पार्टीको पुष्पकमल दाहाल प्रचण्ड अर्को पूर्व एमालेको केपी ओली । पूर्व माओवादी पार्टीको अध्यक्ष छ, त्यहाँ । कम्युनिष्ट पार्टीको शासन छ देशमा । तर उसले माओवादी पार्टीलाई नै दमन गर्ने नीति अख्तियार गरेको छ । जनता यसैमा आश्चर्य मानिरहेका छन् ।

यो अवस्थामा हामी त्यसैका बारेमा लड्न भनेर लागि परेका छौं । यो कुरा बुझाउन जनता र केही वद्धिजीवीहरूलाई पनि अप्ठेरो छ । सामान्य जनतालाई कम्युनिष्ट पार्टीको सरकार भएकाले त्यसैमा मिसिए त भइहाल्यो नि त भन्ने पनि छ । त्यही गयो भागबण्डा गर्‍यो । अनि कम्युनिष्टको शासन चलायो । सुन्दा कति सजिलो र रमाइलो पनि छ ।

जनतालाई परेको छ तिमीहरूकै मान्छे र साथी सरकारमा छ, प्रधानमन्त्री र मन्त्रीहरू भइरहेका छन् । समान्य आँखाले हेर्दा त हो पनि । तर जनतामा कति ठूलो भ्रम परिरहेको छ । त्यसै कारणले पनि हामीहरूलाई एउटा प्रश्न बारम्बार सोध्ने गरिन्छ- प्रचण्डले त गद्धारी गरे, तर तपाईहरू पनि त्यही पुगेपछि गद्दारी नगर्ने भन्ने के ग्यारेन्टी छ ?

प्रश्न आफैमा निकै भ्रामात्मक र जटिल छ । गर्दैनो भनेर लेखेर दिने कुरा पनि त होइन । दिए पनि जनताले केका आधारमा पत्याउने ? प्रचण्डले पनि लेखेर दिएका थिए । त्यसै खालको विश्वासघात हुन्छ होला भनेर जनयुद्ध गर्ने बेलामा हामीहरूले सातबुँदे प्रतिबद्धतापत्र तयार गरेका थियौं । त्यो हाम्रो दस्तावेजमा सुरक्षित छ । त्यो नलेखी नहुने थिएन पनि । अन्यत्र वा अरु देशका आन्दोलनहरूमा त्यस्तो लेखिएको पनि पाइँदैन । तर नेपालमा हामीले त्यो पनि लेख्यौं ताकि जनयुद्धमा विश्वासघात नहोस् ।

हामीहरूलाई लागेको के थियो भने युद्ध सुरु भएपछि मानिसहरूमा भागदौड मच्चिन्छ । धेरैको ज्यान जान्छ । हामीले निर्माण गरेको प्रतिवद्धतापत्रमा सबैले हस्ताक्षर पनि गर्‍यौं । हामीले कुनै पनि हालतमा हाम्रो लक्ष्य हासिल नहुँदासम्म यो जनयुद्ध रोकिने छैन र हामीहरूले आत्मसमर्पण पनि गर्ने छैनौ र हतियार पनि बिसाउने छैनौ भनेका थियौं । हामीले सामुहिक फोटो पनि खिचाएका थियौं । हामीलाई लागेको थियो क्रान्तिका क्रममा यो केन्द्रीय नेतृत्वको सहादत हुन्छ र नरहन पनि सक्छ । भविष्यको पुस्ताका लागि यो स्मरण र प्रेरणा दुवै होस् भनेर हामीले फोटोसम्म खिचाएर राखेका थियौं । पछिल्लो चरणमा प्रचण्डले फोटो छैन भनेर टारे पनि ।

> **नेकपाको हाल स्थायी समितिको बैठक चलिरहेको छ । एकजना स्थायी समितिको सदस्यले भनेका थिए- सबै प्रतिवेदन पढिसकियो तर त्यहाँ त साम्यवाद भन्ने त कुनै ठाउँमै भेटिएन । उनले दस्तावेजमा साम्यवाद खोजेछन् । उनीहरूले कहिले जमानामा साम्यवाद भन्ने नारा अंगालेका थिए र अहिले आएर खोजे । उनलाई पत्तै भएन छ साम्यवाद कहिले र कहाँ छाडिएछ भनेर । बरू दस्तावेजमा साम्यवाद भेटिन्छ कि भनेर पार्टीको स्थायी समितिमा हल्ला मच्चाएछन् । तर साम्यवाद भेटिएन । उनलाई साम्यवाद भन्ने नारा छोडेको थाहा नै भएनछ**

अब हाल हामीकहाँ आएको प्रश्न तपाईहरूले धोखा दिनुहुन्न भन्ने के ग्यारेन्टी छ भन्ने प्रश्नको जवाफ विचार र राजनीतिबाट मात्र दिन सक्नुपर्छ । यसको जबाफ दिने भनेको माओवादबाट र माओवादी आन्दोलनबाट नै हो । कसले माओवादलाई लिएर अघि बढ्छ, कसले माओवादलाई छाड्छ । भिन्नता र प्रतिबद्धता त्यहीबाट छुटिन्छ । जनतालाई यसै कुराबाट स्पष्ट गर्दै जानुपर्छ । होइन भने यो अन्यौलता चिरेर साध्य नै छैन ।

अवस्था जटिल छ । कम्युनिस्टको सरकार छ, कम्युनिष्ट नै त्यसका विरुद्ध लड्नु परेको छ । यो सरकारलाई अपदस्त पार्नुपर्छ, यसलाई समाप्त पार्नुपर्छ भनेर हामीले भनेको सुन्दा मानिस अचम्म पर्दछन् । अबका दिनमा पाठ सिकेर धोखा नदिई र धोखा नखाई अघि बढ्न नेपाल र चीनका विशिष्टताहरूलाई चिनेर अघि बढ्नु जरुरी छ ।

माओवादी जनयुद्ध सम्पन्न भएको माओका चीन कालिन सामाजिक र राजनीतिक अवस्थाहरूको राम्रोसँग ज्ञान भएन भने चीनमा सजिलैसँग क्रान्ति भएको भन्ने बुझिन्छ । हामीलाई लाग्न सक्छ सन् १९२१ मा चिनियाँ कम्युनिष्ट पार्टी स्थापना भयो अनि १९४९ मा त चीन मुक्त भइ पो हाल्यो । त्यहाँको कम्युनिष्ट पार्टी जन्मिएको २८ वर्षमा नै त्यहाँको क्रान्ति सफल भइहाल्यो । नेपालमा भने बि.सं २००६ सालमा स्थापना भएको कम्युनिष्ट पार्टीले ७० वर्ष नाघिसक्दा पनि क्रान्ति गरेको छैन ।

यो किन यसो भएको होला भनेर मानिसहरूले प्रश्न गर्ने गरेका छन् । मान्छेको सहज सोच र दिमागमा यही कुरा रहेको छ । यो कुरामाथि हामीहरूले ध्यान दिएर उनीहरूको मन मस्तिस्कबाट यो कुरा फाल्न सकेनौ भने क्रान्ति गरेर खान सक्दैनौ । विचार प्रष्ट भएपछि लाग्ने न हो, मानिस आफैमा राजनीतिक प्राणी हो । विचारमा स्पष्ट भएपछि मात्र यसले संघर्षका कामहरूमा साथ दिन्छ वा नेतृत्व गर्छ ।

यो कुरालाई हामीहरूले वैचारिक रूपले स्पष्ट गर्नु जरुरी छ । त्यसका लागि माओका योगदानहरू अथवा चिनियाँ क्रान्ति कसरी सम्पन्न भयो भनेर घोत्लिएर अध्ययन र बहस गर्नै पर्दछ । त्यहाँ सिधा र सरल रेखामा अघि बढेर क्रान्ति सम्पन्न भएको होइन । त्यहाँ भित्र भएका र चलेका जटिलताहरूलाई हामीहरूले नियालेर हेर्नै पर्छ, आफैमा कति जटिल छ चिनियाँ क्रान्ति ।

त्यहाँ थुप्रै उताचढावहरू भएका छन्, त्यहाँ थुप्रै दायाँबाँयाहरू भएका छन् । ती सबैलाई चिर्दै अघि बढेर नै त्यहाँ क्रान्ति सम्पन्न भएको छ । तर त्यसमा एउटा कुरा के सत्य हो भने त्यसमा माओको निरन्तर नेतृत्व र योगदान रहेको छ । माओ यदि त्यहाँ नभएको भए त्यो क्रान्ति सम्पन्न हुने पनि थिएन । माओको अद्वितीय क्षमताका कारण यो संभव भएको हो । यो विचारले भएको क्रान्ति हो, त्यो विचारका मुख्य सर्जक माओ नै हुन् । चिनियाँ विशिष्टतामा मार्क्सवादी-लेनिनवादी विचारलाई लागू गर्दा नै चिनियाँ क्रान्ति सम्पन्न भएको हो ।

मलाई जेलको स्मरण ताजै छ । मलाई इण्डियाको चेन्नई जेलमा राख्दा आतंककारीको आरोपमा जेलको ‘सेल’मा राख्ने गरेको थियो । त्यही जेलको एउटा सेलमा तमिल टाइगर इलमका एकजना नेता पनि थिए । उनी निकै खरो बहसमा उत्रन्थे । ज्ञान पनि उनलाई अथाह नै थियो । बेलायतमा इन्जिनिरिङ गरेर तमिलको लडाइँमा सहभागी हुन आएका थिए उनी । उनकाअनुसार माओ एक कुशल राजनीतिज्ञ त हुन् तर योद्धा पनि । यसले पुष्टि गर्दछ कि माओको कार्यकुशलता, विलक्षण प्रतिभा र उहाँका योगदानहरूलाई गैरमाओवादीहरूले पनि विश्वभर स्वीकार गर्दछन् । त्यसैले आज माओवादी पदावली प्रयोगको विवाद अब अन्त्य भइसकेको छ । आजको विश्वमा क्रान्ति गर्नु भनेको माओवादको रक्षा, प्रयोग र विकाससँग जोडिएको छ ।

उनले भन्ने गर्दथे कि चिनियाँहरू व्यापारी हुन् । उनीहरू उहिल्यै सिल्क वा रेशमी कपडाको व्यापारदेखि नै व्यापारमा माहिर हुन् । तर ती व्यापारी मानिसहरूलाई माओले बन्दुक बोकाएर चीनलाई जापानको गुलाम हुनबाट मुक्त पारे । विश्व साम्राजयवादी पञ्जाबाट मुक्त पारे र नयाँ तथा आधुनिक चीनको निर्माण गरे । यस अर्थमा म माओवादी नभए पनि माओ र उनका योगदानहरूलाई म निकै सम्मान गर्दछु भन्ने गर्दथे । माओको व्यक्तित्व बहुआयामिक भए झैं उहाँको योगदान पनि बहुआयामिक रहेका छन् ।

नेपालमा नयाँ जनवादी क्रान्ति गर्दै गर्दा हामीहरूले ख्याल राख्ने कुरा के हो भने त्यसो भए नेपाल र चीनका बीचमा समानता र भिन्नताहरू के के छन् त ? हामीले मिल्दाजुल्दा घटनाहरू खोज्नु र अध्ययन गर्नु जरुरी छ । नेपालमा जनयुद्ध गर्दा पुष्पकमल दाहाल जस्ता मानिसहरूले धोखा दिए । तर चीनमा त त्यसो भएन कि भनेर भन्ने गर्दछौं । चीनमा त सिधासिधा अगाडि बढेको थियो होला क्रान्ति भने झैं लाग्छ ।

चीनमा पनि क्रान्तिका क्रममा त्यस्ता धोखेबाजहरू निकै निस्किएका थिए । सन् १९२१ मा चिनियाँ कम्युनिष्ट पार्टीको स्थापना हुँदा त्यहाँ क्वोमिन्ताङ भन्ने सत्ताधारी पार्टी थियो । यसको चरित्र केही बढी प्रजातान्त्रिक थियो । क्वोमिन्ताङले डा. सन् यात्सेनको नेतृत्वमा राजतन्त्रको अन्त्य गरिसकेको थियो । सन् यात्सेन रहँदा क्वोमिन्ताङसँग माओहरूको यति राम्रो सम्बन्ध थियो कि स्वयम् माओ पनि त्यसको केन्द्रीय सदस्यमा चुनिनु भएको थियो ।

चीनमा कम्युनिष्ट पार्टीको स्थापना भएपछि पार्टीलाई त सेनाको आवश्यकता भयो । माओलगायतका साथीहरू सबै सन यात्सेनको एकेडेमीमा गएर सैन्य तालिम लिनुभयो । चीनको स्थिति त्यतिबेला निकै भयाबह थियो । राजतन्त्रको अन्त्य भइसकेको तर केन्द्रीय सरकार असाध्यै कमजोर रहेकाले चीनको ठूलो भूभाग केन्द्रीय सत्ता बाहिर थियो । त्यहाँ युद्धसरदारहरू जन्मिएका थिए । तिनले विभिन्न प्रान्तहरू स्वतन्त्र भएको आफूहरूले शासन गरिरहेको घोषणा गरेका थिए ।

सन् यात्सेन र माओले मोर्चा निर्माण गरेर सैन्य सुदृढीकरण गरी ती युद्ध सरदारहरूका विरुद्धमा देशव्यापी लडाइँको थालनी गर्नुभयो । ती युद्ध सरदारहरूले हार खाए र विसाल चीन फेरि निर्माण भयो । यसलाई चिनियाँ इतिहासमा उत्तरी अभियानको नामले चिनिन्छ ।

राजतन्त्र नभएको बेलामा चीनमा अराजकता छाएको थियो । यदि नेपाल पनि चीन जस्तै भएको भए नेपालमा पनि तेस्तै हुन्थ्यो होला । त्यहाँका हरेक प्रान्तका गर्भनर र सेनाका प्रमुखहरूले आफू नै राजा भनेर घोषणा गरिदिए । माथिल्लो केन्द्र शक्तिशाली नभएपछि युद्ध सरदारहरूले पूरा चीनमा शासन गरे । त्यसो भएपछि कम्युनिस्ट पार्टीका नेता क्वोमिन्ताङले अब यो सत्ता ती युद्ध सरदारहरूको हातबाट खोस्नु पर्दछ भने । तर ती युद्ध सरदारहरूले बाहिरी साम्राज्यवादीहरूसँग साठगाँठ गरेका थिए । उनीहरू पनि एकापसमा सहयोग लिने भइसकेका थिए । विदेशबाट पैसा ल्याउने, बजेट बनाउने र खर्च गर्ने गरिहेका थिए । भएभरका विदेशीलाई देशभित्र बोलाएर स्थान दिएका थिए । अनि त्यसको विरुद्धमा क्वोमिन्ताङ र कम्युनिस्ट पार्टी मिलेर लडे र पछि उनीहरूले युद्ध सरदारहरूलाई हराए । त्यति राम्रो संयुक्त मोर्चा थियो । त्यो एक विश्वासिलो मोर्चा थियो ।

तर दुर्भाग्य के भइदियो भने सन यात्सेनको मृत्यु भइसकेपछि त्यसको नेतृत्वमा च्याङकाई शेक आए । उनको सम्राज्यवादसँग मित्रता भन्ने नीति नै थियो । उनलाई सन् यात्सेनले कम्युनिष्टसँग नजिक होस् भनेर रुसमा पढ्न पठाइएको थियो । केही समाजवादको हावा लागोस् भनेर सन यात्सेनल यसो गरेका थिए । तर के भयो भने उनी एक नम्बरको प्रतिक्रियावादी बनेर आए । यता आइसकेपछि उनले कम्युनिस्टहरूसँग सम्बन्ध विच्छेद गर्नु पर्छ भनेर नीति बनाए । क्वोमिन्ताङलाई त्यति ठूलो विश्वास गरेको बेलामा कम्युनिष्ट पार्टीमाथि एक विपद् आइलाग्यो ।

पार्टीको नेतृत्व परिवर्तन भएपछि उसको चरित्र नै बदलियो र कम्युनिस्टलाई नै सिध्याउन पर्छ भनेर जाइलाग्यो । जो सँग मित्रता गरेको ऊ नै दुश्मन बनेर आयो । उसैसँग लड्नु पर्‍यो । त्यस हिसाबले चीनमा सजिलो स्थिति थिएन क्रान्ति गर्नका लागि । अहिले हाम्रो स्थिति पनि त्यही भएको छ, जसलाई नेता बनाइयो, ऊ नै गद्धार भयो । अब हामीले फेरि गद्धार भयो भनेर रोइकराइ गरेर हिंडेर पनि भएन । अब हामीले ऊ गद्धार भयो भनेर चित्रित गर्नसक्नु पर्दछ । हामीले क्रान्तिलाई अगाडि बढाउनु पर्दछ । त्यही हो क्रान्ति भनेको । जे हुन्छ त्यसबाट पाठ सिक्ने र सकारात्मक तथा नकारात्मक पाठ लिए अघि बढ्ने । यसबाट मात्र क्रान्तिलाई निरन्तर अगाडि बढाइ राख्न सकिन्छ ।

नेकपाको हाल स्थायी समितिको बैठक चलिरहेको छ । एकजना स्थायी समितिको सदस्यले भनेका थिए- सबै प्रतिवेदन पढिसकियो तर त्यहाँ त साम्यवाद भन्ने त कुनै ठाउँमै भेटिएन । उनले दस्तावेजमा साम्यवाद खोजेछन् । उनीहरूले कहिले जमानामा साम्यवाद भन्ने नारा अंगालेका थिए र अहिले आएर खोजे । उनलाई पत्तै भएन छ साम्यवाद कहिले र कहाँ छाडिएछ भनेर । बरु दस्तावेजमा साम्यवाद भेटिन्छ कि भनेर पार्टीको स्थायी समितिमा हल्ला मच्चाएछन् । तर साम्यवाद भेटिएन । उनलाई साम्यवाद भन्ने नारा छोडेको थाहा नै भएनछ । अब यता माओवादी केन्द्रबाट जाने साथीहरूले भन्नुहोला माओवाद भन्ने त कतै लेखिएकै रहेनछ भनेर । आफूहरू माओवाद छोडेर उता गएकाले किन भेटिन्छ माओवाद ?

यसो भएको हुनाले यो कुरा क्रमिक रूपमा जनतामा जान त जाला तर हामीले चाँडै यो कुरा विभिन्न प्रक्रियाबाट जनताको सामु लैजान जरुरी छ । नत्र भने जनतामा ठूलो भ्रम पैदा हुन्छ । यो भ्रमले हामीलाई अगाडि बढ्न गाह्रो हुन्छ । अब जहाँसम्म माओको योगदानको कुरा हो दर्शनको क्षेत्रमा, राजनीतिक अर्थशास्त्र, समाजवाद यो मार्क्सवादका तीनवटा संगठकहरू अंगहरू खोज्नु पर्छ ।

# फर्केर हेर्दा सन् २०१८

*अंग्रेजी वर्ष सन् २०१८ हामीहरूबाट बिदा भएर गएको छ । यो वर्ष अरु वर्षहरूभन्दा कम चर्चाको वर्ष बनेन् । विश्व राजनीति र विश्व मानव समुदायका बीचमा देखा परेका प्रवृत्तिहरू र घटना क्रमहरूले यो वर्ष स्मरणीय बनाएका छन् ।*

**१. विश्व राजनीतिमा देखा परेका मूल प्रवृत्ति**

***क) साइबर युद्धको वर्ष :***

यो वर्ष निकै प्रभावकारी साइबर आक्रमणको वर्ष बन्यो । विश्वभर ससाना साइबर ह्याक र शक्तिशाली राष्ट्रका सूचना चुहावट त भए नै । त्यो भन्दा ठूलो कुरा त रुसजस्तो एशियाली देशले अमेरिका जस्तो विज्ञान र प्रविधिको सबैभन्दा बढी विकास भएको विश्वको अति महाशक्ति साम्राज्यवादी देशमाथि प्रभावकारी साइबर आक्रमण गरेर ट्रम्पको विजय सुनिचित गराइ दियो । यसमा सामाजिक सञ्जालले निकै ठूलो भूमिका खेलेको छ । विश्व सञ्चार नेटवर्कका केन्द्र गुगल र फेसबुकहरू पटकपटक स्पष्टीकरणमा तानिए ।

***ख) व्यापार युद्धको वर्ष :***

सन् १९१८ शक्तिराष्ट्रबीचको व्यपार युद्धको वर्ष बन्यो । यो साम्राज्यवादी संघर्ष नयाँ रूप थियो । यसअघि पनि हुने गरेको व्यापार युद्ध यसवर्ष घोषित रूपमा नै देखा पऱ्यो । यसमा मूलतः चीन र अमेरिकाको प्रतिस्पर्धी धुरी देखियो । यो एक देशले अर्को देशमा उत्पादित सामानहरूमा बढाएको उच्च व्यापार करमा अभिव्यक्त भयो । अमेरिकाले मुख्यगरी चिनियाँ सामग्रीमा कर लगायो भने चीनले अमेरिकी सामानहरूमा । व्यापार युद्धलाई ट्रम्पले जित्न सजिलो युद्ध भनी व्याख्या गरेका थिए ।

अमेरिका र चीनबीच व्यापार युद्ध यतिसम्म चर्कियो कि क्यानडाले अमेरिकाको आग्रहमा चिनियाँ टेलिकम कम्पनी हुवावेकी आर्थिक प्रमुख मेङ वाङझाउ पक्राउ गऱ्यो भने चीनले क्यानडेली कुटनीतिज्ञ तथा व्यापारीहरूलाई देश निकालासम्म गऱ्यो ।

***ग) ध्रुवीकरणको वर्ष :***

यो वर्षमा विश्व ध्रुवीकरणले थप आकार गृहण गऱ्यो । एकातिर अमेरिका संरक्षणवादी नीति लिएर एक्लै उभिन पुग्यो भने अर्कोतिर रुस र चीनलगायतका देशहरू सैन्य रूपमा नै एक ध्रुव बनाएर अघि बढेको देखा परे । आश्चर्यको कुरा त के पनि भयो भने युरोपले अमेरिका र रुससँग लड्नका लागि छुट्टै युरोपीयन सेना निर्माण गर्ने धम्की पनि दियो । फ्रान्सेली राष्ट्रपति म्याक्रोंले अमेरिकालाई चुनौती नै दिएका थिए । विश्व यो वर्ष मूलतः बहुध्रुवीय देखिन पुग्यो ।

**२. घटनाक्रमहरू**

***क) उत्तर कोरियाको आणविक कार्यक्रम :***

सन् २०१७ मा अमेरिकाको चिन्ताको विषय बनेको उत्तर कोरियाको आणविक कार्यक्रम सन् २०१८ मा निकै चर्चामा आयो । आणविक अस्त्र प्रयोग गरेर नै उत्तरकोरिया अमेरिकासँग वार्तामा गयो । निकै चर्चामा आएको सिंगापुर वार्तामा अमेरिकी राष्ट्रपति ट्रम्प र उत्तरकोरियाली राष्ट्रपति किम आमनेसामने वार्तामा बसे । हेर्दा उत्तरकोरिया र अमेरिकाबीचको वार्ता जस्तो देखिए पनि यसले कोरियाली प्रायद्वीपमा करिब ७० वर्षदेखि रहेको उत्तर-दक्षिण कोरियाको दुस्मनीपूर्ण सम्बन्ध अन्त्य गर्ने काममा सकारात्मक बाटो खुलायो ।

***ख) आईएस् र तालिवानको चर्चा***

अफगानिस्तानमा शक्तिशाली रूपमा उदाएको तालिवान शासन ढालेपछि समस्या समाधान हुने छ भनी सोचेको अमेरिका आइएस् विरुद्धको लडाइँमा निरन्तर मुछिइरहेको छ । अफगानिस्तानमा अझैं ७० प्रतिशत भूभाग तालिवानको नियन्त्रणमा छ । काबुल सरकारको जम्मा ३० प्रतिशत भूभाग रहेको छ । तालिवान र आईएस लडाकुले यी क्षेत्रमा आफ्ना गतिविधिहरू चलाइरहेका छन् । हाल विश्वमा आईएस्को कतै न कतै उपस्थिति रहेको छ । सात वर्ष लामो सिरिया युद्ध सकिएको छैन ।

***ग) यलोभेष्ट आन्दोलन***

फ्रान्समा नोभेम्बर र डिसेम्बर महिनामा चलेको 'यलो भेष्ट' अर्थात् पहेंलो भेष्ट आन्दोलन एक सशक्त मजदुर आन्दोलनका रूपमा देखा पऱ्यो । यसको प्रभाव र विस्तार युरोपभर भयो । हप्तौंसम्म चलेको यो आन्दोलनको प्रकृति र उठाइएका एजेण्डाहरूलाई नियाल्दा कार्ल मार्क्सले कल्पना गरेको मजदुर आन्दोलनसँग मेल खान्छ । सर्सर्ती हेर्दा मूल्यवृद्धि, कर वृद्धि र सेवासुविधाका लागि गरिएको वा ट्रेड युनियनवादी आन्दोलन जस्तो देखिए पनि यसले वर्गीय आन्दोलनको छनक दिएको युरोपीय राजनीतिक विश्लेषकहरूले बताउने गरेका छन् । अर्कोतिर जति पनि मजदूर अनुकुलन र मजदूर मैत्री तथा प्रजातन्त्र र मानव अधिकारको कुरा गरे पनि प्रतिक्रियावादी सरकार अन्ततः भीषण दमनमा आउँछ भन्ने कुरा यसले साबित गरेको छ । यलो भेष्ट आन्दोलन दमनका लागि म्याक्रोंको सरकारले डण्डा, अश्रुग्यास र रबरको गाली प्रहार गरेर निकै बल प्रयोग गऱ्यो । मजदूरहरूले पनि हप्तौंसम्म प्रतिरोध संघर्षलाई निरन्तरता दिएका थिए ।

***घ) मिटु महिला आन्दोलन***

महिला अधिकारका विष्यलाई लिएर यसवर्ष महिला अधिकारवादीहरूले 'मिटु' अर्थात् म पनि भन्ने विश्वव्यापी आन्दोलन चलाए । महिला अधिकार र न्यायको विषयमा केन्द्रित यो अभियानले महिला माथि दुर्व्यवहार गर्ने अमेरिकी राष्ट्रपति ट्रम्पदेखि विश्वका उच्च र प्रतिष्ठित भनिने व्यक्तिहरूलाई माफी माग्न र कतिपयले र नजीनामा दिन पनि लगायो । यसले विश्वभर महिलामाथि भएका यौनहिंसाका विभत्स घटनाहरूलाई बाहिर ल्याउन सहयोग पुऱ्यायो र विश्व महिला जगतमा सचेतनाको लहर नै फैलायो । महिलाहरूले आफूमाथि भएको प्रताडना, यौन उत्पीडनका घटनाबारे खुलेर बोल्न सके ।

***ङ) पत्रका खसोग्जीको हत्या***

यो वर्ष पत्रकार र प्रेस जगतका लागि



दुखको वर्ष पनि रह्यो । साउदी राजपरिवारका आलोचक रहेका पत्रकार जमाल खसोग्जीको टर्कीको इस्तानबुलस्थित साउदी दुतावासमा बेपत्ता पारियो । उनी साउदी नागरिक नै थिए । उनको हत्या र बेपत्ताको विषयलाई लिएर विश्वमा निकै बहस चले । साउदी राजपरिवारले दोषीमाथि आफ्नै देशमा कार्बाही चलायो । तर विश्वभर नै प्रजातन्त्रको ठेक्का लिएको भनिएको अमेरिकाले साउदी राजपरिवारसँग यो विषयलाई हतियार बेच्ने निहुँ बनायो । हाल अमेरिकाले मध्यपूर्वको संभाबित खतराको रूपमा साउदी अरबमा हतियार भण्डारण गरिरहेको छ ।

***च) अमेरिकी सेना फिर्ती***

संरक्षणवादी नीति लिएपछि अमेरिकाले विश्वका विभिन्न ठाउँहरूबाट पछि हट्ने निर्णय गर्दै गइरहेको छ । यसलाई राजनीतिज्ञहरूले कमजोर हुँदै गइरहेको साम्राज्यवादको रूपमा व्याख्या गरेका छन् भने कतिपयले यसलाई कमजोर होइन, 'रिट्रिट' वा शक्ति सञ्चय का लागि गरिएको भनी अर्थ्याएका पनि छन् । जे होस् अमेरिकी साम्राज्यवादले अब घर फर्कने पाइला चाल्न थालेको भने पक्का हो । संसारमा यसको एकलौटी दोहन सकिए पछि पनि यो बाध्यता आइलागेको हो । अमेरिकाले यो पाइला अफ्गानिस्तानबाट सुरु गरेको छ । कतिपयले त यो अफगानी सरकारसँग ट्रम्पले गरेको डलरको बार्गेनिङ पनि भन्ने गरेका छन् ।

यसका साथै अमेरिकी राष्ट्रपति ट्रम्पले त यदि विश्वमा कहीं पनि अमेरिकी सेनाको आवश्यकता पर्छ भने सेना लगेर प्रयोग गरेवापत् आवश्यक रकम वा डलर भुक्तानी गर्नुपर्ने माग सार्वजनिक रूपमा राखेका छन् । अब अमेरिका सेना बेचेर डलर कमाउने धन्दामा आकर्षित हुन थालेको बताइएको छ । यसको कारण हो पहिले जहाँ पुग्यो त्यहाँको स्रोत कब्जा गर्ने र अमेरिका भित्र्याउने मौका अब विश्वमा कहीं कतै पनि छैन । अमेरिका आएर मेरो देशको उद्दार गरिदिएको छ भनी मख्ख परेका देशहरू अमेरिकाको यो घोषित रूपमा नै सक्कली रूप देखेपछि 'ट्वाँ' परेका छन् । यसले अब ससाना राष्ट्रिय मुक्ति आन्दोलनका क्रमलाई अनुकूलता प्रदान गर्ने छ ।

***छ) मेक्सिको पर्खाल***

आप्रवासन विरोधी ट्रम्पको नीति र निर्णयका कारण अमेरिकाको संघीय बजेटसमेत पास हुन सकिरहेको छैन । ट्रम्पले संघीय बजेटसँगै मेक्सिकोको सीमानामा पर्खाल उठाउनका लागि आवश्यक ६ खर्ब डलरको बजेट पनि जोडेर अमरिकाका दुवै सदनमा स्वीकृतिका लागि पेश गरेपछि बजेट पास हुन सकेको छैन ।

विश्व आज खुल्ला परिवेशमा हिंडिरहेको बेला ट्रम्पको पर्खाल निर्माणले आप्रवासनको समस्यामा सहयोग पुऱ्याउँछ भन्ने कुरा स्वयम् अमेरिकीहरू पनि विश्वास गर्दैनन् । तर ट्रम्प भने यसमा मरेर लागिपरेका छन् । यसले विश्व राजनीतिक वृत्तमा निकै चर्चा पाएको छ ।

***ज) अमेरिका-युरोप वाक युद्ध***

सन् १९१८ को अर्को महत्वपूर्ण घटना भनेको अमेरिका र युरोपबीचको वायुद्ध हो । हालसम्म एउटै नीतिको छातामुनी रहँदै आएका उनीहरू बीचमा यो वर्ष तीतो झगडा भयो । यसले नेटोको सम्बन्धलाई पनि चिसो बनाएर लग्यो ।

अमेरिकाले युरोपका लागि सैन्य सहयोग नगर्ने, अमेरिकी सेना चाहिएमा डलर तिर्नुपर्ने, नेटो केही पनि काम नलाग्ने र अमेरिका अब अरुका लागि नलडिदिने भनेर राष्ट्रपति ट्रम्पले भने पछि फ्रान्सेली राष्ट्रपति म्याक्रोंले युरोपले आफ्नो छेट्टै सेना बनाउने र त्यो सेना अमेरिका र रुसी सेनासँग लड्ने भनी जवाफ पनि दिएका थिए ।

***झ) 'वान बेल्ट वान रोड' इनिसिएटिभ***

चीनले अख्तियार गरेको 'वान बेल्ट वान रोड इनिसिएटिभ' यो वर्षमा आएर प्रयोगको प्रक्रियामा लगियो । चीनको पुरानो सिल्करोडको अवधारणामा निर्मित यो नयाँ सोचले विश्व नै हल्लाएको छ । यसको योजनाअनुसार चीन विश्वमा भौतिक पूर्वाधारहरू जस्तै बाटोघाटो, सहर निर्माण, पुल तथा बन्दगाह, समुद्री व्यापारिक मार्गहरू निर्माण, हाउजिङ तथा उद्योग धन्दा र कलकारखाना निर्णिमा एकै साथ अघि बढिरहेको छ । यो योजना अन्तर्गत् संसारभका देशहरूका बीचमा र महादेशहरूका साथै महासागहरूका बीचमा सिल्क रोडले जोडिने योजना रहेको छ ।

***ञ) संशोधनवादी कम्युनिष्टहरूको बेदखली***

यो वर्ष संशोधनवादी कम्युनिष्टहरूका लागि दशाको वर्ष रहन पुग्यो । साम्राज्यवाद र साम्राज्यवादी विश्व व्यवस्थालाई भरथेग गर्ने नयाँ नोकरका रूपमा रहेका संशोधनवादीहरूका हातबाट साम्राज्यवादी दक्षिणपन्थीहरूले शासनसत्ता खोसेर आफ्नो हातमा लिएका छन् । दक्षिण अमेरिकी देशहरूमा रहेको नवसंशोधनवादी कम्युनिष्टहरू अन्ततः चरम दक्षिणपन्थीहरूबाट नराम्ररी हराइएका छन् । नेपालमा भारतीय चरमदक्षिणपन्थी फासिवादी मोदीले अघि सारेको नयाँ नोकर नेकपाको बहुमतको सरकार अडिनु न ढल्नुको अवस्थामा रहेको छ । छोटो समयमै निकै बदनाम भएको यो सरकार माफिया, तस्कर, कमिसनखोर, भ्रष्टाचारी, कालाबजारी, भूमाफिया तथा बिचौलिया र दालहरूको केन्द्र बन्न पुगेको छ ।

***ट) हिन्दमहासागरमा युद्धको खोजी***

रणनीतिक तथा सामरिक महत्व राख्ने हिन्द महासागरमा यो वर्ष युद्धको अनुसन्धान गरिएको छ । त्यसका लागि केही प्राविधिक विजारोपण पनि गरिएको छ । अमेरिका र रुसलाई ब्यालेन्समा राखेर भारतले ठूला र मध्यम दूरीका अस्त्रहरू किनेको छ । चीनले पाकिस्तानमा यी अस्त्रहरूलाई टक्कर दिने गरी हतियार दिएको भनेर विश्लेषण पनि गरिन थालेको छ ।

भनिन्छ हिन्द महासागरभित्र जति पनि अमूल्य धातु र पेट्रोलियमको खानी छ, त्यसलाई कब्जा गर्न र उपयोग गर्नका लागि हिन्द महासागरमा युद्ध चल्ने छ । अर्को कुरा यो वाणिज्य व्यापारका लागि पनि सामरिक नाकामा रहेको छ ।

***ठ) अफ्रिका कब्जा रणनीतिमा चीन अमेरिका***

अमेरिकाले एशियामाथिको आफ्नो प्रभाव र कब्जामा कुनै पनि कमी नल्याएपछि चीनले अफ्रिकामा बिस्तार हुने आफ्नो रणनीतिलाई अघि सारेको छ । यो वर्ष अफ्रिकामा कसले कब्जा जमाउने भनेर लगानी तथा कुटनीतिक चालबाजीमा शक्ति राष्ट्रहरूको निकै प्रतिस्पर्धा भएको छ । अफ्रिकी जनशक्ति, खानी, पेट्रोलियम तथा बजारविस्तारका साथै अन्य संभावनताहरूलाई मध्यनजर गरेर शक्ति राष्ट्रहरू प्रतिस्पर्धामा उत्रिएका छन् । यसमा चीन, अमेरिका र युरोपका साथै भारत र जापान पनि प्रवेश गरेका छन् ।

***ड) भोस्टोक सैन्य अभ्यास***

यो वर्षको सेप्टेम्बर ११ देखि १५ तारेखसम्म जम्मा ५ दिनसम्म लगातार रुसको भोस्टोकमा 'भोस्टोक सैन्य अभ्यास' गरियो । अमेरिकामा ट्वीन टावर ढलेकै दिनबाट सुरु भएको यो अभ्यासले रुसविराधी तथा विशेष गरी अमेरिकी समर्थक केही नजानिदो तर गहिरो खालको सैन्य सन्देश दिन खोजेको देखियो । यसले महाद्वीपका हिसाबले एशिया र अमेरिकाको बीचमा बढिरहेको तनावलाई तन्काउन र थप आशंकित पार्ने काम पनि गऱ्यो । तथापि विश्वमा देखिएको बहुध्रुवीय प्रक्रियामा यो आफैले एक रणनीतिक महत्व पुष्टि गर्न सफल भयो । राजनीतिक, फौजी, प्राविधिक, क्षेत्रीय, महाद्विपीय आदि हिसावले यो अभूतपूर्व रहेको छ ।

यो अभ्यासमा रुस, चीन मंगोलिया सामेल भएका थिए । अमेरिकाले स्पेस फोर्स गठन गरी स्पेस वार लड्ने धम्की दिंदै गर्दा रुस, चीन र मंगोलियाले पृथ्वीमै लड्नका लागि यो सैन्य अभ्यास गरी आनौपचारिक धम्की दिएका थिए । यो सैन्य अभ्यासमा रुसका मात्र १० लाख सेना, जल, थल र बायु गरी तीन थरीका र चीनका ३ हजार २ सय सेना, ९०० विभिन्न आधुनिक हतियार र ३० लडाकु विमान सामेल भएका थिए । रुसी सैंन्य अस्त्रहरूमा सबैभन्दा बढी चर्चामा आएका सुखोइ सु-३५ फाइटर जेट, सुखोइ सु-३४ फूलब्याक फाइटर बम्बर र अत्याधुनिक ट्यांक, ब्याटल ट्यांक तथा क्रुज मिसाइलको प्रयोग यो सैन्य अभ्यासका सबै भन्दा आकर्षक र खतरनाक अभ्यास थिए ।

***ढ) पादरीका अक्षम्य यौनहिंसा***

यो वर्ष रोमन क्याथोलिकहरूको धार्मिक पाखण्ड अक्षम्य रूपमा सतहमा देखा पऱ्यो । क्याथोलिक पादरीहरूले चर्चमा वालवालिकामाथि गर्ने गरेका यौन कुकृत्यका फेहरिस्त एकपछि अर्को गरी बाढी लागेर सार्वजनिक भए । यो मानव जातिकै सर्वाधिक लज्जाको विषय थियो । बेलबेलामा यौनहिंसा र बलात्कारका घटनाहरू चर्चामा आउने र त्यसलाई ढाकछोप गरिने भए पनि पाप धुरीबाट कुर्लन्छ भने झैं यो वर्ष पादरीका कुकृत्यहरू ढाक्नै र लुकाउनै नसकिने छताछुल्ल भए ।

यो कुकर्ममा ३ हजार पादरीहरूहरू मुछिएका छन् । यी पादरीहरूलाई सर्वोच्च धर्मगुरु पोप वेनेडिक्टले प्रहरीसमक्ष आत्मसमर्पण गरी पहिले मानवीय कानुनको सामना गर्न र त्यसपछि धार्मिक र स्वर्गीय कानुनको सामना गर्न तयार हुन ती दोषी पादरीहरूलाई निर्देशनसम्म गर्न पुगेका छन् ।

***ण) ब्रेकजिटको नाटक***

ईयुबाट बहिर्गनको एजेण्डा उठाएर बेलायती प्रधानमन्त्री टेरेजा मे निकै चर्चामा आइन्, यो वर्ष । तर यही एजेण्डाका कारण उनी अहिले विवादमा तानिएकी छिन् । ब्रेकजिटको प्रक्रिया लम्बिदै जाँदा राष्ट्रिय एजेण्डाका रूपमा रहेको ब्रेकजिट अब क्रमशः राजनीतिकरण हुँदै गएको छ । यही एजेण्डाका कारणले बेलायती संसदमा कञ्जरभेटिवको मत एकातिर र लेबोर पार्टीको मत अर्कोतिर हुँदै गएको छ । बेलायती संसद अहिले विभाजित अवस्थामा पुगेको छ । हुँदाहुँदा त मेका ४० जनाभन्दा बढी सांसदले उनको साथ र समर्थन छाडि सकेका छन् । यो एजेण्डा संसदबाट पारित भई नियमअनुसार औपचारिक रूपमा युरोपियन युनियनको संसदमा जाने देखिदैन । त्यो प्रक्रिया रोकिए पछि बाध्य भएर मेले इयुमा नगइकनै ब्रेकजिटको घोषणा पो गर्ने हुन् कि भन्ने आशंकाले घर गरेको छ । ईयु यसबारेमा निकै सशंकित छ । किनकि ब्रेकजिट गर्दा वा बेलायत ईयुबाट छुट्टिंदा बेलायतले करोडौं डलर क्षतिपूर्तिवापत इयुलाई तिर्नु पर्ने हुन्छ । ईयु चाहन्छ यो सम्बन्धको विच्छेद औपचारिक रूपखमा आओस् ।

**३. प्रविधि**

***क) स्टार वारको संभाव्यता खोजी***

अमेरिकी राष्ट्रपति ट्रम्पका कुरामा सबैले विश्वास त गरिहाल्न नसक्लान्, तर उनले स्टारवारको तयारी भने गरिरहेका छन् । उनको कदमलाई पछ्याउँदै रुस तथा चीन र अन्य शक्ति राष्टहरूले पनि यो संभावनाको पिछा गरिहेको देखिन्छ । सुरुमा यसमा रोबोटको प्रयोग गरिने छ । लडाइँमा पहिले ती देशहरूका अन्तरीक्षमा राखिएका सेटेलाइटहरू पर्ने देखिएको छ । यदि स्टार वार भयो भने विश्व सबैभन्दा पहिले सञ्चारविहीन हुने छ । त्यसपछि अन्य समस्याहरू पनि देखिने छ ।

***ख) ड्रोनको चमत्कार***

यो वर्षमा आधुनिक रोबोटहरू निर्माण गरिएका छन् । ती रोबोटहरूको प्रयोग आगामी दिनमा अत्यधिक मात्रामा हुन जाने र ती सबैलाई ड्रोन हमलामा प्रयोग गरिने र मानव नरसंहार बढाउने चिन्ता विश्वमा बढ्दै गएको छ ।

***ग) समुद्रमा प्लाष्टिकको बिगबिगी***

यो वर्ष समुद्रमा मिसिएको मानव निर्मित फोहरले सामुद्री प्राणीमा ठूलो असर पारेको देखिएको छ । यही डिसेम्बर महिनामा थाइल्याण्डको समुद्री तटमा मृत ह्वेलहरू भेटिए । निकै दुर्लभ मानिने ह्वेलको प्रजातिहरू समुद्रको किनारामा आएर केवल स्वास लिन सकिने पानीको छालमा पूरै शरीर बाहिर राखेर निकै छटपटाउने र मर्ने गरिरहेका छन् । यो क्रम तीब्र छ । यसरी छटपटाएर मरेका अजंगका समुद्री प्राणीहरूको पोस्टमर्टमबाट उनीहरूको पेटमा दर्जनौ प्लाष्टिकका झोलाहरू भटिने गरेका छन् । थाइल्याण्डमा मरेको एउटा ठूलो ह्वेलको पेटमा यस्ता ब्ल्यांकेट र डसना बोक्ने ८० वटा ठूला प्लाष्टिका झोलाहरू भेटिएका थिए । हालैका दिनहरूमा अरु यस्तै ३०० सामुद्री प्राणीहरू थाइल्याण्डका सामुद्रिक तटहरूमा मरेको फेला परेका छन् । जसमा, पाइलट ह्वेल, समुद्री कछुवा, डल्फिन लगायतका संरक्षित जलप्राणीहरू रहेका छन् । विश्वभरका समुद्री तटहरूमा जलचर प्राणीहरूको मृत्यु निकै बढेर गएको छ ।

**४. खेल जगत**

***क) खेल जगतको आधिपत्य***

यो वर्ष खेल जगतले आफ्नो आधिपत्य विश्वमा कायम राखेरै छाड्यो । विश्वका शक्तिसम्पन्न देशहरूको हार र जीतको मनोवैज्ञानिक युद्धका रूपमा अभिव्यक्त हुने विश्व खेल जगत यो वर्ष पनि चर्चामा रह्यो । मुख्य गरी विश्व फुटबलमा नयाँ दृश्य देखा परेको छ । फुटबलको महासंग्रामको जित फ्रान्सको हातमा पऱ्यो । तर चर्चा भने कसैले नगनेको देश क्रोएसियाको भयो । बादशाहका रूपमा रहेका लियोनल मेस्सी र क्रिस्टियानो रोनाल्डो यो वर्ष नयाँ प्रतिभाहरूको छायाँमा परे । क्रोएसियाका लुका मोड्रिक र फ्रान्सका एम्बाप्पे चर्चामा आए ।

**५. जलवायु परिवर्तन**

***क) हिम जीवजन्तुको लोपमा तीव्रता***

हिउँमा पाइने सिल माछा खाएर बाँच्ने ध्रुवीय सेतो भालु थोरै वर्षपछि फोटोमा मात्र सिमित हुने भएको छ । विश्व जलवायु परिवर्तनको प्रक्रियासँगै ध्रुवीय हिउँ अकल्पनीय रूपमा पग्लन थालेपछि सेतो भालु, पेन्गुइन र सिलमाछा लगायतका ध्रुवीय प्राणीहरू लोप हुँदै गएका छन् । आहाराको कमीका कारण सेतो भालु लगायतका ध्रुवीय प्राणीहरू खानाको खोजीमा भौतारिइरहेका छन् । वासस्थान रहेको हिंउँ पनि छैन । उनीहरूको लोपहुने प्रक्रिया तीब्रतामा छ । कतिपय ठाउँहरूमा त भालुले भालुलाई मारेर खाने गरिरहेका छन् । सोधकर्ता, अनुसन्धाकर्ता र वैज्ञानिकहरूमा खोजको क्रममा पछिल्लो चरणमा अझैं पनि खुल्न नसकेको रहस्य के हो भने हिउँमा भालुहरू बस्ने, खाने, सिकार गर्ने र आफूलाई आवश्यक पर्ने आहाराको प्रणाली र तरिका कस्तो थियो ? हालको संकटपूर्ण अवस्थामा त्यो सिस्टममा कस्तो बदलाव वा संकट आएको छ र उनीहरू के कारणले उक्त बदलिएको प्रणालीमा समाहित हुन सकिरहेका छैनन् । आफूलाई नयाँ प्रणालीअनुसार रूपान्तरण गर्न सकिरहेकका छैनन् । एउटा वयस्क हिम भालुलाई बाँच्नका लागि प्रतिदिन १२३२५ क्यालोरी आवश्यक हुन्छ । यसको अर्थ एक वयस्क हिम भालुलाई एउटा सिलमात्र १० दिनका लागि पर्याप्त हुन्छ ।


***ख) सुनामी र ज्वालामुखीको वर्ष***

जलवायु परिवर्तनका कारणले विश्वको तापमान बढ्दै गइरहेको र विश्व सन्तुलनको अवस्थामा गडबडी आउँदै गरेकाले समुद्री तटीय इलाका र देशहरूमा सुनामीको बहार आउने गरेको र विश्वमा जहाँ पनि डढेलो लागिरहेको विश्लेषण जलवायुविदहरूले गरेका छन् । विश्वमा पहिले फुटेका ज्वालामुखीहरू पनि फेरि निरन्तरतामा फुटिरहेका छन् भने नयाँनयाँ ठाउँहरूमा र समुद्रमा समेत ज्वालामुखी बिस्फोट भइरहेका छन् । गुआटेमालाको फायगो ज्वालामुखी र इण्डोनेशियाको समुद्रमा गएको क्राकाटोआ ज्वालामुखी यस वर्षका विनासकारी ज्वालामुखीहरूमा आउँछन् । यो सबै जलवायु परिवर्तनका हिसाबले भएको जलवायु विदको दाबी छ ।

**६. संभावना**

यो वर्ष विश्व र मानव जगतका लागि तत्काल निकै ठूलाठूला अशुभ घटना नघटे पनि संभावित डरलाग्दा घटनाका विजारोपण भएका छन् । यी डरलाग्दा घटनाहहरूसँगै विश्व वर्गसंघर्षले पनि टाउको उठाउने संकेतहरू देखा परेका छन् । यो व्यवस्थाको विफलता र अस्तव्यस्तता नै समाजवादी व्यवस्थाको उदयको संकेत पनि हो ।

# मेरो दिमागमा बम्बैको मजदूर आन्दोलन घुमिरहेको थियो



● हर्कबहादुर शाही

२०१३ सालमा विद्यालय खुल्यो । हामीले त्यहाँ पाँच कक्षासम्म मात्र अध्ययन गर्न पायौं । अहिले त्यो उच्च माविमा विकास भएको छ । आठ कक्षा पास भएपछि मैले गाउँमा पढाएँ र अछाममा गएर पनि पढाए । म २०२५ सालतिर विदेशमा गए । विदेश भनेको इण्डिया नै थियो । म बम्बै पुगे । मेरो थोरै भए पनि राजनीतिक चेतना थियो । बम्बैमा मजदुरहरू आन्दोलनमा उत्रिएका थिए । म पनि ती राजनीति गर्नेहरूसँग नजिकिए । काममा लाागेपछि मजदुर युनियनसँग जोडिए ।

त्यतिबेला अमृतप्रसाद डाँगे भनिने एकजना स्थापित मजदूर लिडर थिए । बम्बैमा रहेका कलकारखानामा उनको ठूलो प्रभाव र सम्मान थियो । उनी मजदूर युनियनका लिडर थिए । हडताल सुरु भयो, मजदुरहरूको । डाँगे कम्युनिष्ट प्रभाव भएका मजदूर नेता थिए । रेलवे हडताल सुरु भएपछि लाखौं मजदुरहरू सडकमा ओर्लिए । हामी एक दिन अम्यौरी भन्ने ठाउँमा पुग्यौं । त्यहाँ एउटा ठूलो कभर्ड हल रहेछ । त्यो काठमाडौंको सामाखुशी र गोंगबूको पूरै एरिया ढाकेर बनाइए जत्रो । अमृतप्रसाद डाँगे आउने हुन् भनेर कारखाना तथा रेलवे मजदुरहरू खचाखच भरिएका थिए ।

मजदूरहरू यति थिए र यसरी कोचिएर बसेका थिए कि मैले त यो हल नै भत्कियो भने के होला जस्तो लागेको थियो । त्यतिका धेरै मानिस मैले कहिल्यै पनि देखेको थिएन । त्यहाँ हस्ताक्षर पनि चलिरहेको थियो । सबैले निकै उत्साहका साथ हस्ताक्षर गरिरहेका थिए । हस्ताक्षर यति धेरै संकलन गरियो कि पाँचछ जनाको भारी नै पुग्यो । उपस्थित सबै मजदुरहरूले हस्ताक्षर गरेका थिए । कोही पनि आफ्नो हस्ताक्षर नछुटोस् भन्ने कुरामा निकै सतर्क थिए ।

यसपछि अमृतप्रसाद डाँगे आएर भाषण गरे । निकै लच्छेदार र आक्रामक भाषण गरे । उनले देशमा मजदूरमारा पुँजीपतिहरूलाई संघर्षका माध्यमबाट ठीक ठाउँमा ल्याउनु पर्छ भने । मजदुरहरूमा अद्वितीय ताकत छ भनेर भाषण गरे । डाँगे निकै आक्रामक र भावनात्मक थिए । उनको भाषणबाट सबै प्रभावित भए पनि । मैले ६/७ वर्षसम्म त्यही मजदुर भएर काम गरे । बम्बै त्यतिबेला विश्वको सातौं नम्बरको सहरमा गणना हुन्थ्यो ।

त्यहाँ बस्दा नेपालको पनि र अन्तर्राष्ट्रिय भेटघाट पनि हुने म पाँचछ वर्षसम्म त्यहाँ बसेको पत्तो नै पाएन । मजदुरसँगको सहकार्य र संगठनप्रतिको लगााब निकै गहिरिएर गयो । मलाई आश्चर्य लागेर आउँथ्यो र आज पनि लाग्छ कि मजदुरहरू आफ्ना युनियनका झण्डाहरू हातमा लिएर संघर्षमा उत्रिएपछि उनीहरूको नेतृत्वमा पूरै कलकारखाना ठप्प हुने गर्दथे । रेलवहरू पूरै ठप्प पारिए । विजुलीहरू बलेकै छन्, पंखाहरू चलेकै छन् । तर काखानाहरू सबै खाली छन् । एकजना पनि मजदुर काममा छैन । तर मलाई अर्को आश्चर्य त के कुरामा लागेर आयो भने सरकारले त्यति ठूलो हड्ताललाई दबाएर छाड्यो ।

रेलवे मन्त्री जर्ज फण्डान्डिस भन्ने थियो, त्यतिबेला । उसले त्यो हडताल पूरै दबाइदियो । हामीले त त्यति ठूलो मजदुर आन्दोलन कसले दबाउन सक्ला भनेका थियौं । त्यो आन्दोलन दबाइन्छ भनेर त कल्पनासम्म पनि गरेका थिएनौ । रेलवे मजदुरहरूलाई प्रहरी लगाएर गोरु चुटाइ लगाउन सुरु गर्‍यो । मजदुरुहरूलाई रेलवेबाट बाहिर निकालिदियो । सबैलाई कामबाट निकालिदियो । यो आन्दोलन सफल हुन सकेन । तुहिएर गयो ।

नेता अमृतप्रसाद डाँगे अन्य कार्यक्रमहरूलाई संबोधन गर्न हिंडिसकेका थिए । उनी त्यहाँ हुँदासम्म केही पनि गरेन । डाँगेलाई समातेपछि त खुन खराब हुने स्थिति थियो । गोली चल्ने भयो । ठीक यही कुरा छल्दै पुलिसले उनी नभएको मौका छोपेर एक्लाएक्लै बनाएर मजदुरमाथि धावा बोलेको थियो । यदि यो हडताल आन्दोलनमा बदलिएको भए देशमा गृहयुद्ध हुने संभावना थियो । त्यसपछि पनि मजदुर संगठन र आन्दोलनको तयारीमा जुटेका थिए । उनीहरूले पुनर्गठन गर्दै थिए । मकहाँ खबर पनि पठाएका थिए ।

म केही दिनपछि घर फर्किए । नेपाल आएँ । मेरो दिमागमा बम्बैको मजदुर आन्दोलन घुमिरहेको थियो । मैले त गाउँमा आएर पनि बम्बैको जस्तै मजदुर आन्दोलन हुनसक्छ भनेर कल्पना गर्न थाले । तर गाउँमा त अर्कै ताल पो थियो । त्यहाँ त महाराजका तालहरू थिए । सामन्ती तालहरू थिए । नंगरा बेचेर खाने शोषकी तालहरू थिए । गाउँमा 'महाराजी नंगरा' भन्ने चलन थियो । त्यो नंगरा ठकुरीहरूले मात्र प्रयोग गर्दथे । अरु कसैले त्यो खालको बाजागाजा हाल्न वा प्रयोग गर्न पाउँदैनथ्यो । यदि कसैले चाहेमा त्यो महंगोमा किनेर प्रयोग गर्नु पर्दथ्यो ।

हाम्रा गाउँमा दुईजना महाराजहरू थिए । ती दुवै शाही खलकका थिए । उनीहरूले रावत, विष्टहरूसँग नंगरा बेच्ने र हजारौं रूपैया कर दस्तुर लिने गर्दथे । नंगरा बेच्नेहरूको पनि र किनेर नंगरा नचाउनेको पनि होड चल्ने गर्दथ्यो । म कहाँको मजदूर आन्दोलनमा रमाएको, उनीहरू कहाँको नंगरा बेच्दै र खाँदै गरेका । सामान्य रूपमा खटपट र विमतिहरू मनभित्रबाट सुरु हुन थालिहाल्यो ।

एकदिन उनीहरूले घुम्न जाऔं भनेर मलाई लिएर गए । साथमा त गएँ, तर उनीहरू दण्ड गर्दा रहेछन् दिनका दिन । उनीहरूले झुट्ठा मुद्दा बनाएर दोषी देखाउने र दण्ड गर्ने गर्दा रहेछन् । एक ठाउँमा गयौं । त्यहाँ बिष्टको घर थियो । त्यहाँ मेरो पैसा दिएन भन्ने उजुरी रहेछ । पैसा तिर्ने दलित थरका थिए । उनलाई बोलाएर निकै हिनामिना पार्न थाले । उनी त्यही बसेर रोए । साथ दिने कोही पनि थिएन । मैले यी सबै हेरिरहेको छु । यो देखेर मन मेरो निकै कुढियो ।

पैसा तत्काल दिनका लागि छैन भनेपछि त्यति बेलाको २४० रूपैयाँ व्याजमात्र भयो भनेर सुनाए । उनी बरर आँशु काढेर रोए । मैले हेरिरहेको थिए, मेरो पनि आँखाबाट आँशु आइहाल्यो । भन्न चाहीं मैले केही पनि सकेन । उनीहरूले जाऔं भनेर साथी बनाएर लगेका छन्, बोल्नु पनि के ? पहिलो पटक साथ लागेर गएको छु । तर अत्याचार सहिनसक्नुको छ । कुरा गर्दागर्दै त्यही बिष्टले त्यो दलितको जग्गा मूल्य गरेर लियो । उनको उठिबास भयो ।

मलाई असाध्यै पीडा भएपछि तपाईहरू बस्नुस्, मेरो घरमा काम छ भनेर म उठेर हिंडे । पछि त उनीहरू र मेराबीचमा खटपट बढेर जान थाल्यो । म पनि सहेर बस्ने अवस्थामा रहेन । उनी र मेरो बीचमा मिलाप नै भएन । म पढेलेखेको पनि र बलियो पनि । मलाई उनीहरूले 'बोडीगार्ड' राख्ने र लेखन्दास बनाउने उनीहरूको इच्छा रहेछ । त्यो पछि बुझियो । उनीहरूको स्वार्थ पूरा नभएपछि झगडा पनि भयो र एकअर्कामा हातपात पनि भयो ।

एक पटक सवालजवाफ निकै भएपछि मैले उनीहरूलाई समातेर सिस्नोको घारीमा फालिदिए । यसले आपसी कटुतामा निकै वृद्धि गर्‍यो । म पनि उनीहरूले दबाएर दब्ने अवस्थामा थिएन । अत्याचार त मलाई देखि सहन निकै कठीन हुन्थ्यो ।

२०३४ सालमा गाउँफर्क राष्ट्रिय अभियान लागू भयो । यो पञ्चायत कालको उत्कर्षको बेला थियो । गाउँमा प्रतिनिधिका लागि मेरो नाम सिफारीश भएर गयो । मलाई चासो नै थिएन, तर गाउँका सबै मिलेर यसो गरेका थिए । तर मेरै आफन्तहरू, जोसँग मरो मनमुटाब बढिरहेको थियो, उनीहरूले मलाई 'बम्बैको गुण्डा हो काम राम्रो गर्नेछैन' भनेर मुद्दा हालेका रहेछन् । त्यतिबेला गोप्य रूपमा नाम आउने र प्रतिनिधि बनाउने चलन थियो । त्यसपछि एकजना मेरै आफन्त मध्येका एक उनको नाम सिफरीश भएन भनेर जोगी भएको बाहना गरे ।

मैले गाउँको प्रतिनिधि भएर चलाएपछि शोसकी चाला हराउने र सत्ता अर्काको हातमा जाने डरले यो सबै गर्न लगाइयो । टाउकोमा खरानी हालेर जम्मु रुखको फेदमा बसेर जोगी भएको स्वाङ पारिरहे । जोगीको रूपमा बसिरहे । चिट्ठी आयो । खोलेर हेर्दा मेरोसँगै उनको नाम पनि आएको रहेछ । अब सिंदुरे जात्रा गर्न भनेर तयारी गरियो । मैले हातमा तेल कालो मोसो लिएर ती व्यक्तिको मुखमा घसिदिएँ । सार्वजनिक रूपमा उनको बदनाम भयो । अरुले अबीर घसेका छन्, उनको अनुहारमा कालोमोसो ।

त्यसपछि पुलिसले मेरो पिछा गर्न थाल्यो । तर हात हालेर समात्न भने सकेन । गाउँका मानिसहरूले भनेका रहेछन्- यिनलाई सानोतिनो बल र शक्तिले कायम गर्न सक्दैन भनेर । म एक्लै मात्र पनि थिएन । मेरा पछाडी बलिया युवाहरू थिए । गाउँमा बस्न पनि थालियो । तर उनीहरूले मेरा विरुद्धमा अफवाह छर्न थाले । 'यो गुण्डा हो, यसले देख्ने बित्तिकै छुरा हानेर मार्छ' भनेर प्रचार गराए । म कलिलो उमेर छँदै बाहिर गएको र भर्खरै मात्र आएकाले जनताले यो साच्चै के हो त भनेर बुझिसकेका पनि थिएनन् । विचारका हिसाबले त कुरै हुन पाएको थिएन ।

## कविता

### श्री



● कृष्णभक्त महर्जन 'कगेन्द्र'

*श्री तिमी*
*कति दयालु*
*कति मायालु*
*हेरौं, हेरौं लाग्ने*
*पढौं पढौं लाग्ने*
*अन्तिम साससम्मको*
*साथी !*
*श्री तिमी*
*बोली नै मिठो*
*मेहनतै राम्रो*
*बोलौं, बोलौं लाग्ने*
*अवर्णनीय अमूल्य*
*पिपलु छायाँ जस्तै*
*साथी !*
*श्री तिमी*
*शब्दको भावमा*
*शब्दको अर्थमा*
*कति केलाऊँ शब्दहरू*
*तीक्ष्ण बुद्धिबिबेकहरू*
*तागती शब्दको आवाजले*
*बर्षात्‌बाट बाढी गराउने*
*साथी !*
*श्री तिमी*
*कति रिसाउँछ्यौ*
*कति खुसाउँछ्यौं*
*रिसभित्र लुकेको मौनता*
*नरिसाउने कमजोरीपना*
*शब्द चयन निखारपनको*
*हरेक प्रस्तुतिमा दमदार छ*
*साथी !*
*श्री तिमी*
*मन दोमन छ*
*बोलीको मिठास छ*
*शब्दहरूको अर्थ खोज्दा*
*आँखाहरू रसाइरहन्छ*
*हृदय पनि हाँसिरहन्छ*
*श्रीको साथमा सन्तोष छ*
*जिन्दगी*
*साथी !*
*श्री तिमी !!*

# उत्तर आधुनिकतावाद : मार्क्सवादको निषेध



डा.ताराकान्त पाण्डेय

**नयाँ भाषिक साम्राज्य, साइबर संस्कृति र ज्ञानको कम्प्युटर निर्भरता तथा ज्ञान लगायत मार्क्सवाद जस्ता महावृतान्तको समीचीनताको अन्त्यको सन्दर्भलाई प्रमुख रूप प्रस्तुत गर्दै त्यस स्थितिलाई उत्तर आधुनिक स्थितिका रूपमा प्रस्तुत गर्ने प्रयास गरेका छन्**

राजनीतिक दृष्टिले उत्तर आधुनिकतावाद मार्क्सवादका विरुद्ध छ । यसले वर्ग अन्तर्विरोधको उपस्थितिलाई अस्वीकार गर्दछ । सोभियत सङ्घको पतनको दृष्टान्त यसका लागि यस्तो साक्ष्य बन्न पुगेको छ, जसलाई अगाडि सारेर अब क्रान्ति र मार्क्सवाद असफल र समाप्त भएको घोषणा गर्न यो आनन्दको अनुभव गर्छ ।

मार्क्सवाद र त्यसको क्रान्तिकारी विचार यसका लागि पुरानो भइ सकेको विमर्शीय महाख्यान हो र अब महाख्यानको अन्त भइ सकेको छ । अबको युग टुक्रे आख्यानको युग हो । त्यसैले उत्तर आधुनिकतावादीहरू महाख्यान (Grand Narratives) को होइन, टुक्रे अथवा अधि आख्यान (Meta Fiction) को रचना गर्न रुचाउँछन् । उनीहरूका लागि महाख्यानमा सौन्दर्य छैन, टुक्रे आख्यान अथवा विनिर्मित आख्यानमा सौन्दर्य छ ।

रमाइलो प्रसङ्ग के छ भने उत्तर आधुनिकताका धैरै जसो व्याख्याताहरू पूर्व मार्क्सवादीहरू नै छन् तर मार्क्सवादमाथि अब तिनको विश्वास समाप्त भएको छ । बौद्रिलार्द पहिला मार्क्सवादी थिए, त्यसैले उनका व्याख्यामा वर्तमान पुँजीवादी समाजप्रति आलोचनाको भाव देखिन्छ । तर उनी मार्क्सवादी ढङ्गले र मार्क्सवादी दर्शन तथा राजनीतिमा टेकेर यस विखण्डित समाजको रूपान्तरण सम्भव देख्दैनन् वा त्यसमा विश्वास गर्न नसक्ने अवस्थामा पुगेका छन् । यही कारण हो उनी विखण्डित समाजसितको विखण्डित विमर्शरूपी खेल मात्र सम्भव रहेको निष्कर्षमा पुगेका छन् र त्यसै खेललाई उत्तर आधुनिकताका रूपमा अर्थ्याएका छन् ।

उत्तर आधुनिकतालाई दार्शनिक दृष्टिले औपचारिकता प्रदान गर्ने फ्रान्सेली चिन्तक ज्याँ फ्राँस्वा ल्योतारले उत्तर औद्योगिक समाजको चरित्र र त्यसको ज्ञानदशाबारे चर्चा गर्ने क्रममा भाषाको परम्परागत रूप र सामर्थ्यको अन्त्य र खेलमय नयाँ भाषिक साम्राज्य, साइबर संस्कृति र ज्ञानको कम्प्युटर निर्भरता तथा ज्ञान लगायत मार्क्सवाद जस्ता महावृतान्तको समीचीनताको अन्त्यको सन्दर्भलाई प्रमुख रूप प्रस्तुत गर्दै त्यस स्थितिलाई उत्तर आधुनिक स्थितिका रूपमा प्रस्तुत गर्ने प्रयास गरेका छन् ।

आफूभित्रको निरन्तर विकासले गर्दा विज्ञान पनि सत्य र वस्तुनिष्ठ छैन र यसमाथि अविश्वास जन्मिएको छ भन्ने ल्योतारले विज्ञानमा सत्य उद्घाटित गर्ने सामर्थ्य नरहेको र फ्रान्सेली क्रान्तिले जन्माएको मानव स्वतन्त्रताको महाख्यानदेखि अठारौं शताब्दीको ज्ञान प्रसारण कालका दार्शनिक चिन्तन हुँदै मार्क्सवादले विकसित गरेका सर्वहारा मुक्ति र समाजवादको क्रान्तिकारी महाख्यान (महावृतान्त) को पनि समीचीनता समाप्त भइ सेकेको र तीप्रति अविश्वास व्याप्त भएको भन्ने धारणा अगाडि सारेका छन् ।

न अब (उत्तर औद्योगिक युगमा) विज्ञानकै नायकत्व (वा सर्वोपरिता) कायम रहेको छ न स्वतन्त्रता र क्रान्तिकारी दर्शनकै वृतान्तहरू अब विश्वसनीय रहेका छन् । त्यसो भए बाँकी के रहेको छ त ? महाख्यानको अन्त्यपछि लघु/टुक्रे आख्यानहरूको उदय भइरहेको छ भन्ने उत्तर दिन्छन् उनी । यद्यपि उनी यसअघिका क्रिस्चियानिटी, मनोविज्ञान र मार्क्सवाद जस्ता सबै खाले (डेरिडाली उत्तर संरचनावादी भाकामा भन्दा शब्दकेन्द्रवादी/ Logocentric) महावृतान्तहरूको अन्त्य भएको बताउँछन्, तर यसका केन्द्रमा मार्क्सवादको विरोध र निषेध प्रमुख पक्ष बनेको छ ।

## बमजनका विवादास्पद क्रियाकलापप्रति सरकार मौन



काठमाडौं । तपस्वीको भेषमा बसिरहेका रामबहादुर बमजनका क्रियाकलापहरू निकै विवादित बन्दै गइरहेका छन् । वमजनले आफ्नै आश्रममा आएकाहरूलाई अभद्र व्यवहार गर्ने, यौन शोषण गर्ने, यातना दिने, आदेश, निर्देशन र श्राप दिने, कथित पाप मोचनका कार्यहरू गर्न लगाउने र पछिल्लो पटक त आफ्ना भक्तजनहरूलाई बेपत्ता पार्ने कामसम्म गर्न थालेका आरोपहरू र उजुरीहरू आइरहेका छन् ।

बमजन आश्रमबाट आफ्ना परिवारका सदस्य बेपत्ता पारेको भन्दै उनीविरुद्ध केही जिल्लाहरूमा प्रहर ीसामु उजुरी पनि परिरहेका छन् । ती जिल्लाहरूमा नुवाकोट, मकवानपुर र बारा अग्रपंक्तिमा रहेका छन् । भिक्षु तथा भिक्षुणी बन्न गएका आफन्तहहरू वेपत्ता भएपछि यी उजुरी प्रहरीकहाँ परेका हुन् ।

बमजन आश्रममा बुबा हराएपछि मकवानपुरका महेन्द्र वाइवा हार गुहारका लागि प्रहरीकहाँ पुगेका छन् । त्यस्तै छोराको खोजीका लागि बारा जिल्लाका हस्तबहादुर आलेमगर र आफ्नी दिदीको खोजिमा मकवानपुरकै विजय रूम्बा अनि बहिनी खोजिदिन भन्दै नुवाकोटकी गंगामाया तामाङ जिल्लाका जिल्लाका प्रहरी कार्यालयमा पुगेका छन् ।

तर प्रहरीले यसबारेमा तदारुकताका साथ खोजी गरिरहेको छैन । बमजन आश्रमबाट हराइरहेकाहरूको बारेमा सरकार पनि मौनता साँधेर बसेको छ ।

## मार्क्सवाद–...

गरेपछि राज्यसत्ता विलोप भई वर्गविहीन समाज बन्दछ, त्यही हो साम्यवादी समाज र कम्युनिस्टहरूको अन्तिम लक्ष्य । समाजवादको विकास फ्रान्सबाट भएको हो ।

मार्क्स र एंगेल्सले सन् १८४८ मा कम्युनिस्ट घोषणापत्र पारित गरेपछि मार्क्सवाद सर्वहारा वर्गको महान् हतियार बन्न गयो । सन् १८७१ मा पेरिसका मजदुरहरूले सशस्त्र विद्रोह गरेर ७२ दिन सत्ता पनि चलाए, पेरिसमा कम्युनार्डहरूले । तर पुँजीपति वर्गको राज्य सत्ता ध्वंश नगरेकाले पेरिस कम्युनको सत्तामा पुँजीपति वर्गले प्रतिक्रान्ति गरी फेरि कब्जा गरेर आफ्नो हातमा लिए । राज्यसत्ता प्राप्त गर्न बल प्रयोगको भूमिका अनिवार्य हुन गयो । पुँजीवादी देशमा सर्वहारा वर्गले कम्युनिस्ट पार्टी निर्माण गरी सशस्त्र विद्रोहद्वारा समाजवादी क्रान्ति गर्नु पर्छ र साम्यवादमा पुग्न सकिन्छ भन्ने मार्क्सवादी मान्यता हो ।

रुसका भ्लादिमीर इल्यिच उल्यानोभ लेनिनले (१८७०-१९२४) मार्क्सवाद गहिरोसँग अध्ययन गर्नुभयो । मार्क्स र एंगेल्सको मृत्युपछि लेनिनले मार्क्सवादको तीनै संघटक अंगहरूको अध्ययन गरी माथि उठाउनु भयो । १९ औं शताब्दीमा मार्क्सले तात्कालीन वस्तुगत परिस्थितिको विश्लेषण गर्दै विश्वमा एकैपटक समाजवादी क्रान्ति सम्भव छ भन्नु भएको थियो । लेनिनले २० औं शताब्दीमा पुँजीवादले साम्राज्यवादको रूप लिएपछि विकसित वस्तुगत परिस्थितिको ठोस विश्लेषण गरी एउटा देशमा पनि समाजवादी क्रान्ति संम्भव छ भनेर 'एक देशीय समाजवाद' को मान्यता अघि सार्नुभयो । मार्क्सवादलाई अध्ययन गरी व्यवहारमा प्रयोग गर्नु भयो । पेरिस कम्युनको कमजोरी हटाई मिलिट्यान्ट् कम्युनिस्ट पार्टीको अवधारणा ल्याउनु भयो ।

सर्वहाराको सत्ता समाजवादी राज्यको अवधारणा र कसरी क्रान्ति गर्ने भन्नेमा सशस्त्र जनविद्रोह अथवा अल्पकालीन सशस्त्र आमविद्रोह (Armed Insurrection) को फौजी विज्ञान दर्शनको प्रतिपादन गर्नुभयो । लडाकु कम्युनिस्ट पार्टी निर्माण, सहरबाट गाउँ घेर्ने, वैधानिक आन्दोलनबाट अवैधानिक आन्दोलनमा फड्को मार्ने र केन्द्रीय सत्ता लिई स्थानीय सत्ता थप्दै जाने विशेषता भएको संघर्षको फौजी रणनीतिबाट सन् १९१७ अक्टोबर २५ का दिन रुसमा समाजवादी क्रान्ति लेनिनको नेतृत्वमा सम्भव भयो । सन् १९२४ मा लेनिनको मृत्युपछि स्टालिनले लेनिनको विचारलाई लेनिनवादको रूपमा सम्बोधन गर्नु भयो ।

मार्क्सवादलाई महान् लेनिनले मार्क्सवाद-लेनिनवादको रूपमा विकास गर्नुभयो । लेनिनले क्रान्ति सिधा रेखामा होइन, बक्ररेखा भएर अघि बढ्छ भन्नु भएको थियो । सर्वहारा वर्गको अधिनायकत्व, निरन्तर क्रान्ति र जनवादी केन्द्रियताको सांगठनिक सिद्धान्त लेनिनले थप गरी मार्क्सवाद-लेनिनवादलाई थप उचाइमा पुर्‍याउनु भयो । रुसी क्रान्तिलाई विश्व क्रान्तिको अभिन्न अंगको रूपमा लिई सन् १९१९ मा तेस्रो अन्तर्राष्ट्रिय गठन गर्नुभयो ।

चीनका कमरेड माओले (१८९३-१९७६) मार्क्सवाद-लेनिनवादलाई गहिरोसित अध्ययन गरी मार्क्सवाद-लेनिनवाद-माओवादको रूपमा उच्च तेस्रो चरणमा विकास गर्नुभयो । पुँजीवादको विकास नभएको देशमा कस्तो क्रान्ति हुन्छ ? भन्ने प्रश्नको जवाफ दिँदै लेनिनले भन्नुभएको थियो- "जहाँ पुँजीवादी क्रान्ति भएको छैन, त्यहाँ जनवादी प्रकारको क्रान्ति हुन्छ, कस्तो र कसरी भन्ने कुरा त्यहाँको कम्युनिष्ट पार्टी र कमरेडहरूले थाह पाउनुहुने छ ।"

सन् १९२१ मा चीनमा कम्युनिस्ट पार्टी स्थापना भयो । लेनिन र स्टालिनले चिनियाँ कम्युनिस्ट पार्टीलाई चीनमा राजनीतिक कार्यदिशा समाजवादी र सशस्त्र जनविद्रोहको फौजी कार्यदिशा पारित गर्न सल्लाह दिए बमोजिम अघि बढ्दा सहरमा ठूलो दमन गर्‍यो, च्याङकाइशेकले । बचेका कमरेडहरू गाउँमा गए । त्यहीबाट जनआधार तयार गरी गाउँबाट शहर घेर्ने, अवैधानिक आन्दोलन प्रधान र वैधानिक आन्दोलन सहायक र स्थानीय सत्ता कब्जा गर्दै अन्त्यमा केन्द्रीय सत्ता खोस्ने चिनियाँ मोडलको क्रान्ति गर्ने तरिका मार्क्सवाद-लेनिनवादमा आधारित भएर कमरेड माओद्वारा विकास गर्ने काम भयो ।

पुँजीवादी विकास नभएको देशमा कस्तो र कसरी क्रान्ति गर्ने भन्ने लेनिनलाई सोधेको प्रश्नको जवाफ कमरेड माओले यसरी दिनुभयो- "चीन अर्धसामन्ती, अर्ध-औपनिवेशिक देश चीनमा गर्नु पर्ने क्रान्ति, नयाँ पुँजीवादी जनवादी अर्थात् नयाँ जनवादी क्रान्ति, दीर्घकालीन जनयुद्धद्वारा कम्युनिस्ट पार्टीको नेतृत्वमा सम्पूर्ण जनताको अधिनायकत्व हुन्छ भन्ने कुरा प्रष्ट्याउनु भयो ।"

यसरी मार्क्सवाद-लेनिनवादमा क्रान्तिको चरणको विकास गरी नयाँ जनवाद, समाजवादहुँदै साम्यवादमा जाने चरणको विकास गर्नुभयो । त्यस्तै मार्क्सवाद-लेनिनवादमा फौजी दर्शनको विकास गरी दीर्घकालीन जनयुद्ध (जुन रक्षा, सन्तुलन हुँदै प्रत्याक्रमणबाट अघि बढछ) क. माओले प्रतिपादन गर्नुभयो । आधुनिक संशोधनवादी ख्रुश्चेभविरुद्ध महान् बहस चलाउँदै सच्चा मार्क्सवाद-लेनिनवादको रक्षा गर्नुभयो । यसै क्रममा लेनिले भने झैं क्रान्ति उतारचढावबाट अघि बढ्छ, जस्तै क्रान्ति, प्रतिक्रान्ति र पुनः क्रान्ति ।

प्रतिक्रान्ति रोक्न कमरेड माओले दर्शनमा निरन्तर क्रान्तिको सिद्धान्त प्रतिपादन गर्नुभयो । निरन्तर क्रान्ति भनेको (क) वर्ग संघर्ष चलाउनु, (ख) उत्पादनमा संघर्ष गर्नु, (ग) वैज्ञानिक प्रयोग गर्नु र (घ) अभियानगत रूपमा सर्वहारा सांस्कृतिक क्रान्ति आन्दोलनको रूपमा अघि बढाउनु हो । "दुई मिलेर एक हुन्छ" भन्ने संशोधनवादी विचारविरुद्ध "एक फुटेर दुई हुन्छ" भन्ने मान्यतालाई कमरेड माओले स्थापित गर्नु भयो ।

यसरी कार्ल मार्क्स र एंगेल्सले मार्क्सवादको स्थापना गर्नुभयो । लेनिन र स्टालिनले रुसमा मार्क्सवाद प्रयोग गर्दैजाँदा लेनिनवाद अथवा मार्क्सवाद-लेनिनवादमा विकास भयो । कमरेड माओले मार्क्सवाद-लेनिनवादलाई चीनमा प्रयोग गर्दामार्क्सवाद-लेनिनवाद-माओवादको रूपमा उच्च तेस्रो चरणमा विकास गर्नुभयो ।

## कर्मचारी...

आवश्यक जानकारी तथा सुझाव नै लिएको छैन ।

तर केन्द्रबाटै मनोमानी रूपमा ओली सरकारले कर्मचारी समायोजनको प्रक्रिया रेकर्ड निर्माण र विन्यासको थालनी गरिसकेको छ । सरकारको ठाडो निर्देशन र अवैज्ञानिक सोच र मान्यताहरूले कर्मचारीका सेवासुविधा र वृत्तिविकासमा बाधा पुर्‍याएको भनेर कर्मचारीहरू निरन्तर आन्दोलनमा छन् । उता सरकार भने कर्मचारी समायोजनको प्रक्रियालाई जस्ताको तस्तै लागू गर्न चाहिरहेको छ । तथापि, कर्मचारी आन्दोलन र सरकारी निर्देशनको अप्ठेरो स्थितिमा पनि कर्मचारी समायोजनको प्रक्रिया सुरु भएको छ ।

सरकारले गरेको तयारी अनुसार समायोजनसँगै साबिकको कर्मचारी संख्यामा अरु २६ हजार थपिन जाने छ । त्यसपछि कूल कर्मचारीको संख्या १ लाख ३८ हजार १७८ हुने छ । कर्मचारीको यो संख्याले सुरुको अवस्थामा देशको संघीय, प्रादेशिक तथा स्तानीय तहहरूमा जनतालाई सेवाप्रदान गर्ने अनुमान गरिएको छ । विद्यमान संविधानको धारा ३०२ अनुसार केन्द्रमा रहेका कर्मचारीहरूलाई संघ, प्रदेश र स्थानीय सरकारमा समामयोजन गर्ने नीतिअनुसार सरकारले यो प्रक्रिया थालेको हो ।

सोमवार बसेको मन्त्री परिषद्को वैठकले संघ, प्रदेश तथा स्थानीय तहमा रहने कर्मचारीको संख्या, संरचना र आवश्यकता टुंगो लगाएपछि देशको स्थायी सरकारका रूपमा रहेको कर्मचारीको प्रारूप तयार गरिएको हो । तर प्रदेश तथा स्थानीय सरकारहरू संघीय सरकारको यो केन्द्रीकृत हस्तक्षेप र अनदेखापनलाई निरंकुशतातर्फको यात्रा भनी संकेत गरिरहेका छन् । संघीय सरकारले संघमा ४७ हजार ९ सय २०, सातवटा प्रदेशहरूमा केवल २२ हजार ७ सय ५५ र स्थानीय छशय त्रिपन्न सरकारहरूका लागि जम्मा ६७ हजार ५०३ जना कर्मचारीको दरबन्दी रहने व्यवस्था गरेको छ ।

हाल कार्यरत र्काचारीहरू १ लाख ११ हजार ९०५ को संख्यामा रहेका छन् । संघीय सरकारले गरेको पछिल्लो निर्णयअनुसार थप कर्मचारी दरबन्दी संघीयदेखि स्थानीयसम्म तीनै तहमा २६ हजार २७३ नयाँ भर्नाका लागि लोक सेवा आयोगद्वारा पदपूर्ति गरिने गरी खाली नै राखिएको छ । एकतिर सरकारले यो गृहकार्य गरिहँदा कर्मचारीहरू भने खुशी देखिएका छैनन् । न त प्रदेश र स्थानीय सरकार नै खुशी देखिएको छ । ओलीको नेतृत्वमा रहेको संघीय सरकार र प्रदेश तथा स्थानीय सरकारका बीचमा लामो समयदेखि अन्तरविरोध र बेमेल देखिदै आएको छ ।

यसले जनतामा पनि अन्यौलता र भ्रम पैदा गरिरहेको छ । देश संघीयतामा गएपछि जनताले पाउने सरकारी सेवा सुविधा आफ्नै घरआँगनमा पाइने आशा यसअघि जनतामा पल्हाएको थियो । तर तीन तहकै सरकारहरू जनसेवाका कुराहरू होइन, उल्टै बलजफ्ती कर असुलीमा लागेपछि सरकार प्रतिको जनताको मोहभंग भइसकेको छ । पछिल्लो चरणमा तीनै तहका सरकारहरूबीच लडाइँ र बेमेल, कर्मचारीको असन्तुष्टि, जनतामा लादिएको महंगी र कर भार आदिका कारण सरकारी सेवासुविधाको अपेक्षाले डाँडा काटिसकेको छ ।

स्थायी सरकार र सेवा दिने सेवाप्रदायकका रूपमा कार्य सञ्चालन गर्ने कर्मचारीहरू हँसमुख आफ्नो कार्यक्षेत्रमा जानसक्ने स्थिति पैदा भएको छैन । कर्मचारीहरूले जनतालाई गाउँगाउँमा सेवा दिन जाँदा आवश्यक पर्ने सुविधाको माग गर्नु अन्यथा होइन । तर उनीहरू ढुक्क देखिएका छैनन् । सरकारले कर्मचारीको मन जित्न सकेको छैन ।

हो, समस्या सरकार र कर्मचारी दुवैमा छन् । तथापि सरकार अभिभावक र कर्मचारी उनीहरूको मातहत चल्ने भएकाले एक कुशल अभिभावकले खेल्न सक्ने भूमिका सरकारले निर्वाह गर्ननसक्नु दुखद कुरा हो । यी अन्तरविरोधहरूले व्यवहारमा रूपान्तरण ल्याउनुको साटो असहयोगको प्रवृत्ति विकास गर्न बेर छैन । सरकारी पार्टीका नेताहरू तथा मन्त्रीहरू कर्मचारीले सहयोग गरेनन् भनेर भाषण गर्दै हिंड्छन । कर्मचारी यो देशका नागरिकहरू हुन्, उनीहरू पनि देशमा परिवर्तन र समाजमा सुधारका चाहन्छन् ।

निर्वाचित सरकारका मन्त्रीहरू र कर्मचारीहरूका बीचमा कार्य अनुभव, शैक्षिक ज्ञान तथा मनोविज्ञानमा ठूलो अन्तरविरोध देखिन्छ । कर्मचारीहरूले ऐननियम र पद्धतिका कुरा बढी गर्ने र मन्त्रीहरूले यी कुराहरूको मेसो नपाउने, सम्हालेको मन्त्रालयका बारेमा कुनै ज्ञान र अनुभव नै नहुने कारणले 'कमाण्ड कन्ट्रोल' नमिलेको प्रष्ट देखिन्छ । राम्रा होइन, हाम्रा मान्छे खोज्ने, आफ्नै सेवासुविधाका लागि विचार र नैतिकता समेत् बेच्ने, घुस खाएर कर्मचारीको बढुवा गर्ने अनि कर्मचारीले सहयोग गरेनन् भनेर पार कसरी पाइएला ?

अर्कोतर्फ, सेवा प्रदायक स्थायी सरकारका रूपमा रहेका कर्मचारीहरूले निर्वाचित सरकार र आफैभित्र पनि रहेका यी गलत प्रवृत्तिसँग सौदावाजी होइन, संघर्ष गर्दै जनताका निम्ति भनेर आएको संघीयतालाई जनताकै घरदैलोमा पुर्‍याउन दत्तचित्त भए लाग्नै पर्छ ।

## क्रान्तिकारी...

माओवादीको ३ नं. प्रदेशको आयोजनामा ललितपुरको कुपण्डोलस्थित प्रदेश कार्यालयमा एक कार्यक्रमका बीच माओ जयन्ती भव्य रूपमा मनाइएको छ भने अन्य प्रदेश र जिल्ला स्तरमा पनि माओ जयन्ती मनाइएको खबरहरू प्राप्त भएको छ । ललितपुरको कुपण्डोलमा आयोजित कार्यक्रमलाई पार्टी स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले सम्बोधन गरेका थिए । माओ दिवस मनाउनुको अर्थ मालेमावादको रक्षा, प्रयोग र विकास गर्नु हो भन्ने कुरामा नेता गजुरेलले जोड दिएका थिए । पार्टी पिविएम तथा ३ नं.प्रदेश संयोजक सागरले अध्यक्षता गरेको कार्यक्रमको सञ्चालन पार्टी पिविएम प्रभाकिरणले गरेका थिए । कार्यक्रममा पार्टी स्थायी समिति सदस्य राजवीर लगायत नेताहरूको उपस्थिति रहेको थियो ।

पोखराबाट प्राप्त समाचार अनुसार पार्टी कार्यालयमा एक कार्यक्रमका बीच माओ दिवस मनाइएको छ । कार्यक्रममा मार्क्सवाद-लेनिनवादको विकासमा माओले गरेको योगदानबारे पार्टी पिविएमद्वय श्याम र किशोरले प्रशिक्षण दिएका थिए । कार्यक्रममा पार्टी केसहरू निश्चल, रामजीलगायतका नेताहरूको उपस्थिति रहेको थियो । कैलालीबाट प्राप्त समाचार अनुसार कैलालीको अत्तरीयामा क्रान्तिकारी माओवादीले माओ दिवस मनाएको छ । कार्यक्रमलाई पार्टी पिबिएम तथा ७ नं. प्रदेश सचिव अटलले सम्बोधन गरेका थिए । नेता अटलले क्रान्तिका लागि आफ्नो पार्टी बलिदान दिन तयार रहेको बताएका छन् । उनले भनेका छन्, 'सर्वबहारा वर्गीय आनदोलनको नेतृत्व गर्न हामी तयार छौं । हाम्रो पार्टी मालेमावादी आलोकबाट जनताको पक्षमा जुटेको छ, जस्ले माओवाद मान्दैन, जस्ले माओवादी शब्दमै आपत्ति जनाए, उनीहरूलाई माओ दिवस मनाउने कुनै नैतिकता छैन ।' उनले पार्टीले लिएको नीतिको अनुसरण गर्दे निरन्तर क्रान्तिको बाटोमा अघि बढ्नु माओ दिवस मनाउनुको मुख्य अर्थ रहेको भन्दै उनले सबै समस्याहरूको हल क्रान्तिको माध्यमबाट गर्न सकिने भएकाले समाजिक व्यवस्था परिवर्तनको लागि संगठित हुन सबैलाई आह्वान समेत गरे ।

त्यसैगरी उक्त कार्यक्रममा बोल्दै पार्टीका केन्द्रीय सदस्य तथा कैलाली, अछाम इन्चार्ज डायमण्डले असली माओवादी आफूहरू भएको भन्दै माओप्रतिको सच्चा सम्मान संघर्षको प्रकृयाबाट मात्र हुने तर्क गरे । उनले प्रचण्ड, बाबुराम र विप्लवहरूसँग माओ दिवस मनाउने नैतिक आधार नभएको समेत बताए । कैलाली पार्टी सचिव रुद्र कँडेलको अध्यक्षता र प्रदेश सदस्य प्रभातको सञ्चालनमा भएको कार्यक्रममा क्रान्तिकारी पत्रकार महासंघका कार्यालय सदस्य लोकराज जैसीले पनि मन्तव्य राखेका थिए भने कार्यक्रममा अखिल क्रान्तिकारीका जिल्ला संयोजक पुस्कर जोशी, पार्टी जिल्ला सचिवालय सदस्य टंक प्रसाद कोइराला लगायतका नेताहरूको समेत उपस्थिति रहेको थियो । क्रान्तिकारी माओवादी कञ्चनपुरको आयोजनामा जिल्ला समन्वय समितिको हलमा १२६ औं माओ दिवस मनाइयो । पार्टीका जिल्ला सचिव विक्रान्तको अध्यक्षता तथा पार्टीका केस क्षितिजको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रमको सञ्चालन चिन्तकले गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि लगायतका वक्ताहरूले सर्वहारा वर्गीय क्रान्तिमा माओले पुर्‍याउनु भएका योगदानहरूको चर्चा गरेका थिए ।

त य स ै ग र ी डडेलधुराबाट प्राप्त समाचार अनुसार देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल डडेलधुराको आयोजनामा माओ दिवस मनाइएको छ । मोर्चाका जिल्ला अध्यक्ष बहादुर शाहको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमको सञ्चालन डम्बर भण्डारीले गरेका थिए । कार्यक्रम डडेलधुरा बजारमा आयोजना गरिएको थियो । सुर्खेतबाट प्राप्त समाचार अनुसार क्रान्तिकारी माओवादी खुर्खेतको आयोजनामा एक कार्यक्रमका बीच माओ दिवस मनाइएको छ । सुर्खेतका पार्टी सचिव सुजातको अध्यक्षता र पार्टी केस अस्मानको प्रमुख आतिथ्यतामा सपन्न कार्यक्रममा वक्ताहरूले माओले क्रान्तिमा पुर्‍याएको योगदानको बारेमा चर्चा गेर । त्यसैगरी नवलपरासीबाट प्राप्त समाचार अनुसार माओत्से तुङको योगदानको चर्चा गर्दै नवलपर ासीको बर्दघाटमा माओ जयन्ती मनाइएको छ । क्रान्तिकारी माओवादी पश्चिम नवलपरासीको आयोजनामा भएको सो कार्यक्रमका बक्ताहरूले माओको सर्वहारा साँस्कृतिक क्रान्ति र राष्ट्रवादी छविप्रति प्रकाश पारेका थिए । कार्यक्रममा क्रान्तिकारी माओवादी नवलपरासीका सेक्रेटरी चोला, सचिवालय सदस्यहरू संकल्प, विवेक, समर, क्रान्ति, नविन र न्युक्लियस बसन्त लगायतले बोल्दै माओको योगदानको चर्चा गरेका थिए । कार्यक्रम चोलाको अध्यक्षतामा भएको थियो । माओ दिवसकै सन्दर्भ पारेर २ नं. प्रदेशले देजमो, युवा, किसान र मधेसी राष्टिमाओ दिवसकै सन्दर्भ पारेर २ नं. प्रदेशले देजमो, युवा, किसान र मधेसी मोर्चाको प्रदेश बैठकको आयोजना गरेको छ भने अन्य प्रदेश र जिल्लाहरूमा भएका कार्यक्रमहरूको विवरण आउन बाँकी छ ।

## मुलुक...

सेक्रेटरी श्रीनाथ अधिकारीले मुलुक फेरि माओवादीमय बन्दै गएको दाबी गरेका छन् । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल प्रदेश नं ४ को बैठकलाई सम्बोधन गर्दै अधिकारीले मुलुकमा दुईतिहाई बहुमत पाएको सत्ताधारी नेकपाले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयलाई कमजोर पार्दै लगेको दाबी गरे । उनले जनताका एजेण्डा भन्दा पनि दलाल सामन्तवादको एजेण्डामा देश चलेको आरोप लगाउँदै क्रान्तिकारी माओवादीले उठाएको ऐजेण्डाले मात्र मुलुकको रक्षा हुने दाबी गरे ।

बैठकलाई सम्बोधन गर्दै नेता अधिकारीले भने 'जनता सडकमा छन्, दैनिकी चलाउन मुस्किल छ, राज्य कर लगायतका विषयहरूमा जनताकै ढाड सेक्ने गरी अगाडि बढ्दा जनजीविका लगायतका विषयहरू दिनप्रतिदिन ओझेलमा पर्दै गएका छन् ।'उनले दक्षिणपन्थी, दलाल, संशेधनवादी र अराजक कम्युनिष्टहरूको विरोध गर्नुपर्ने आवश्यकता रहेको औंल्याए ।

यसैबीच, मोर्चाको बैठकले चैत्र १ र २ गते ४ नं. प्रदेशको सम्मेलन गर्ने निर्णय समेत गरेको छ । मोर्चाका केन्द्रीय कार्यालय सदस्य तथा ४ नं. प्रदेश संयोजक केशबहादुर परियारको अध्यक्षता तथा सञ्चालनमा बसेको बैठकले मोर्चाको चैत्र २४ मा गरिने राष्ट्रिय सम्मेलनलाई भव्य रूपमा सम्पन्न गर्ने गरी प्रदेशभरिका जिल्लाहरूका कार्यक्रम तय गरेको छ ।

## माओले...

मार्क्सवाद-लेनिनवादलाई अर्को नयाँ उचाइमा विकसित तुल्याउनु भयो र त्यो माक्सर्वाद-लेनिनवाद-माओवादका रूपमा एक अखण्ड सिद्धान्त बन्न गयो' भनिएको छ । साथै, 'अहिले विश्व र नेपालमा पनि संशोधनवादले जबर्जस्त रूपमा टाउको उठाएको र त्यसको प्रतिक्रियावादमा पतन हुन पुगेको' भन्दै नेपालको वर्तमान अवस्थामा 'साम्राज्यवादी तथा विस्तारवादी उत्पीडन एवम् हस्तक्षेप बढ्दै गएको र त्यसलाई प्रतिक्रियावादमा पतन हुन पुगेको संशोधनवादले साथ दिइरहेकाले' त्यसका विरुद्ध देशव्यापी संघर्ष उठाउनुपर्ने कुरामा जोड दिइएको छ ।

संशोधावादी प्रतिक्रियावादको जगजगी रहेको वर्तमान सन्दर्भलाई उजागर गर्दै विज्ञप्तिको अन्त्यमा भनिएको छ- 'यो बेलामा संशोधनवादको धज्जी उडाउँदै दलाल तथा नोकरशाही पुँजीवाद, सामन्तवाद, साम्राज्यवाद तथा विस्तावादविरुद्ध नयाँ जनवादी क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवाद तथा साम्यवादतर्फ अगाडि बढ्नका लागि माओका अविस्मरणीय योगदानहरूको सम्मान गर्दै माओदिवस मनाउनुको विशेष ऐतिहासिक अर्थ र महत्व' रहने छ ।

यसका लागि सिंगो पार्टी केन्द्रीय हेडक्वाटरको सन्देश र निर्देशनसहित महासचिव किरणद्वारा 'म केन्द्रीय समितिको तर्फबाट सबै पार्टी कमरेडहरूसित विशेष उत्सवका रूपमा मओदिवस मनाउन र माओले देखाएको बाटोमा निरन्तर लागिरहन हार्दिक अनुरोध गर्दछु' भनिएको छ ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-५२२५२८१
पुष्प- ९८५१०४३३२८, ९८०८४६११०६
बिक्की शर्मा गुरागाईं- ९८५११९५८८९
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी- ९८५२०६०२५४
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा, बीरगंज, चपुर, सिमरा, रत्नपुर
फोन नं. : ०१-५१८७२१६
बल्खु, काठमाडौं ।

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७११६९७
इन्द्र कटुवाल - ९८१८४१५२९०
गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति
यहाँ काठमाडौंबाट सिन्धुली, बर्दियावास, ढल्के, जनकपुर, जलेश्वर, लालबन्दी, बयलवास, रामेछाप, मन्थली, च्यास्कु, भालुथोक, घुर्मी, बेतिनी, कटारी, गाईघाट, जयराम, हलेसी, दिक्तेल, मानेभञ्ज्याङ, ओखलढुंगा, सोलु, सल्लेरी, भीमान, मरिन, डकाहासम्मको टिकट पाइन्छ ।
टाटासुमो बोलेरो
(रिजर्भ चाहिएमा)
०४७-५२११६९ सिन्धुली
९८४१०१६०४९ ढकाल बाजे
९८६०१०२७३८ विश्व
९८४४२५२३८५ सानोभाइ
९८४११०६९६७ संजीव
९८४५७८४३०७ प्रदीप
०१-५१००४९४ कोटेश्वर
९८४४००८४०० लाल बहादुर
रिजर्भ चाहिएमा सम्पर्क
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन ९८४४५७३६५, ९८४४०७६२६१, ९८३९२८४३०

## आलोपालो

# क्रान्तिको बाटोको सम्बन्धमा



● कृष्णदास श्रेष्ठ

कुनै पनि वर्ग-विभक्त समाजमा एउटा व्यवस्थाबाट अर्को अग्रणी व्यवस्थामा संक्रमणका लागि क्रान्तिको अपरिहार्य आवश्यकता रहन्छ । समाजको आमूल क्रान्तिकारी रूपान्तरण क्रान्तिमार्फत् मात्र हुन सक्छ र हुने गर्छ । उक्त आवश्यकता आफसेआफ् यथार्थमा परिणत हुने होइन, बरु त्यो क्रान्तिकारी क्रियाकलापमार्फत् सम्पन्न हुने गर्छ ।

यहाँ चर्चा गर्न खोजिएको विषय हो, क्रान्तिको बाटोको सवाल क्रान्तिले कस्तो बाटो लिन्छ ? कुन बाटो भएर क्रान्ति अघि बढ्छ ? कुन तत्वले क्रान्तिको बाटो निर्धारण गर्छ ? यस सम्बन्धमा क्रान्तिका पक्षधरहरूका माझमा भिन्ना-भिन्नै धारणा छन् । केही क्रान्तिकारीहरू आफ्नो सोचअनुसार आफूलाई ठीक लागेको बाटोतर्फ क्रान्तिलाई निर्देशित गर्न खोज्छन् । कोही यस्ता पनि छन्, जो आफूले कोरेर तयार पारेको बाटोतर्फ क्रान्तिलाई घिसारेर लैजान खोज्छन् । यस्तो धारणा मनोगतवादी दृष्टिकोणको एउटा अभिव्यक्ति हो । उपरोक्त खालका प्रयासहरू सामान्यतः असफल हुन्छन् र भएका छन् पनि । किनभने, क्रान्तिकारी परिस्थिति र क्रान्तिकारी शक्तिहरूको सांगठनिक स्थितिलाई बेवास्ता गरेर कसैले क्रान्ति ल्याउन सक्दैन । क्रान्ति कुनै व्यक्ति वा व्यक्ति समूहले तम्तयार पारेको बाटो भएर ल्याउने कुरा होइन । कसैले ठूलो स्वरले डाकेर पनि आउने होइन । कसैले डाकेर वा घिसारेर आउने भए क्रान्ति हामी कहाँ पहिले नै सम्पन्न भइसक्ने थियो ।

वास्तवमा क्रान्तिले यसको अग्रगामी क्रान्तिकारी प्रक्रियामा आफ्नो बाटो आफै बनाउँछ । मुलुकमा विद्यमान विभिन्न वर्गहरूमाझ क्रियाशील राजनीतिक शक्तिहरूमाझ संघर्षको बीचबाट क्रान्तिले आफ्नो बाटो बनाएर अघि बढ्छ । कुनै मुलुकमा घट्ने राजनीतिक घटनाहरू विभिन्न राजनीतिक शक्तिहरूमाझ हुने अन्तर्विरोध, संघर्ष र द्वन्द्वका परिणाम हुन् र क्रान्ति पनि तिनको उच्चतम परिणाम हो । कुनै मुलुकमा क्रान्ति कुन बाटो भएर आउँछ भन्ने कुरा सम्बन्धित मुलुकको बाह्य परिवेश तथा आन्तरिक अवस्थाहरूमा निर्भर गर्दछ । त्यसको बाटोमा अनेकौं उतार-चढाव, घुम्ती र मोडहरू हुन सक्छन्, र ती सब क्रान्तिको विकासको विभिन्न चरणहरू हुन् । विभिन्न मुलुकहरूमा क्रान्ति विभिन्न ढंगबाट र विभिन्न बाटो भएर आएका ऐतिहासिक तथ्यहरू छन् । यहाँ तथ्यको सन्दर्भमा लेनिनले कस्तो विचार व्यक्त गरेका छन् भने लक्ष्य एउटै भएपनि सो लक्ष्यतर्फ विभिन्न मुलुकका जनताहरू आ-आफ्ना विशिष्ट बाटोबाट अघि लाग्ने गर्छन् ।

इतिहासले के देखाउँछ भने विभिन्न मुलुकहरूमा क्रान्ति विभिन्न बाटो भएर आएको छ । इतिहासबाट हामी के थाह पाउँछौं भने क्रान्ति मुख्य रूपलले तीनवटा बाटो भएर आउने गरेको छ- जनविद्रोहको बाटो, आन्तरिक सशस्त्र संघर्षको (गृहयुद्धको) बाटो र विदेशी अधिपत्य तथा विदेशी आक्रमणको विरुद्ध राष्ट्रिय स्वाधिनताको लागि संघर्षको बाटो ।

पछिल्लो बाटो भएर क्रान्ति आएको ज्वलन्त उदाहरणको रूपमा हामी चिनियाँ जनक्रान्ति (जुन जापानी साम्राज्यवाद विरुद्ध संघर्षबाट आएको थियो) र भियतनामी क्रान्ति (जुन फ्रान्सेली उपनिवेशवाद र अमेरिकी साम्राज्यवादविरुद्ध संघर्षको बाटोबाट आएको थियो) तिनलाई लिन सक्छौं । कुनै मुलुकमा क्रान्ति कुनबेला कस्तो बाटोबाट अघि बढ्छ भन्ने कुरा तत्कालीन समयका बाहिरी तथा आन्तरिक परिस्थितिमाथि निर्भर गर्दछ । जहाँसम्म हाम्रो मुलुकमा जनवादी क्रान्तिको सवाल छ, त्यो विभिन्न उतार-चढाव र विभिन्न चरणहरूबाट अघि बढिरहेको छ । यहाँ त्यसले अहिलेसम्म मुख्यतः दुईटा बाटो लिएको हामीले देखेका छौं -आन्तरिक सशस्त्र संघर्षको बाटो (२००७ सालको सशस्त्र संघर्ष र माओवादी पार्टीद्वारा सञ्चालित जनयुद्ध) र जन-विद्रोहको बाटो (२०४६ र २०६२/०६३ को ऐतिहासिक जन-आन्दोलन) । ती क्रान्तिको विकासका विभिन्न चरणहरू हुन् ।

हाल यता आएर हाम्रो राष्ट्रिय स्वाधिनता र इलाकीय अखण्डताविरुद्ध भारतीय विस्तारवादी हस्तक्षेप तथा अतिक्रमण र अझ मुख्य रूपले हाल नेपाल विरुद्ध भारतद्वारा गरिएको अघोषित नाकाबन्दीको परिप्रेक्षबाट हेर्दा यहाँ क्रान्ति भारतीय विस्तारवादविरोधी संघर्षको बाटोबाट आउने संकेतहरू देखा परेका छन् । विकसित हुँदो वरिपरिका सामाजिक, राजनीतिक अवस्थाहरूमा क्रान्तिले कुनबाटो लिन्छ वा लिन गइरहेको छ, त्यसलाई ठीकसित बुझेर त्यसलाई सफलताको साथ अघि बढाउन आवश्यक यतारी गर्नु मुलुकका क्रान्तिकारी शक्तिहरूको जिम्मेवारी तथा अभिभारा हो ।






## जुन गोरुको...

पुँजीपतिहरूलाई बेच्ने काम गरे । सीमा अतिक्रमण हुँदा सरकारको तर्फबाट कहिकतै विरोध भएन । नेपालको सीमा नजिक अन्तर्राष्ट्रिय कानूनलाई समेत मिचेर भारतले एकतर्फी रूपमा बाँध बनाउँदा बर्षातको समयमा नेपाली भूमि डुवानमा पर्दछ र सीमा क्षेत्रमा लाखौं जनताले सास्ती भोगिरहेका छन् । तत्कालिन एमाले सरकारमा रहँदा भारतीय विस्तारवादबाट भएको सीमा अतिक्रमण रोक्न र नेपालको सीमा नजिक एकतर्फीरूपबाट बनाइएको बाँधहरू बनाउन नदिन के पहल गऱ्यो ? सरकारमा गएपछि तत्कालिन एमालेले वास्तवमा भारतीय विस्तारवादको दलाली नै गऱ्यो । २०६३ साल भन्दा पहिले प्रचण्डले नेतृत्व गरेको नेकपा (माओवादी) ले राष्ट्रघाती महाकाली सन्धि लगायत सबै असमान सन्धि सम्झौताको विरोध गर्दै आएको थियो । तर ०६३ साल पछि प्रचण्डले नेतृत्व गरेको नेकपा (माओवादी) शान्तिप्रक्रियामा आएर सरकारमा गयो तब उसले पनि असमान प्रकारका सन्धि सम्झौताको विरोध गर्न छाड्यो । स्वयम् प्रचण्ड प्रधानमन्त्री हुँदा सीमा अतिक्रमणको विरोधको त कुरा छोडौं यसभन्दा पहिले भारतसँग भएका सबै सन्धि सम्झौताहरूलाई कार्यन्वयन गर्ने भनेर भारतसँग सहमति गऱ्यो । बाबुराम प्रधानमन्त्री हुँदा विप्पा जस्तो राष्ट्रहित विपरीत सम्झौता गरे । यो भयो विगतका कुरा ।

अहिले तत्कालिन एमाले र प्रचण्डले नेतृत्व गरेको नेकपा (माओवादी केन्द्र) बीचमा एकीकरण भई नेकपा (नेकपा) बनेको छ । अहिले यसैको सरकार छ र संसदमा यसको झण्डै दुईतिहाईको बहुमत छ । संसदको गणितिय हिसाबले हेर्दा ओली-प्रचण्डले नेतृत्व गरेको पार्टीको सरकार निकै शक्तिशाली छ । यस्तो अवस्थामा यो सरकारले देशको सार्वभौतिकताको रक्षा, क्षेत्रीय अखण्डताको रक्षा र राष्ट्रिय हितको लागि के गर्दैछन् ? त्यस सम्बन्धमा विचार गरौं ।

नेपालको लिपुलेक र कालापानी भारततिर पारेर भारतले प्रकाशित गरेको नक्सा यो सरकारले सरकारी कार्यालयहरूमा राख्यो । विद्यालयहरूमा विद्यार्थीहरूलाई त्यहि नक्सा पढाइयो । जनस्तरबाट यसको व्यापक विरोध भइरहेको छ तर सरकार कानमा तेलहालेर बसिरहेको छ । अरुण तेस्रो र अप्पर कर्णाली जस्ता अत्यन्तै सस्तोमा सम्पन्न हुने जलविद्युत परियोजनाहरू नेपाली जनताको विरोधका वावजुद पनि विदेशी कम्पनीहरूलाई दिने काम भईरहेको छ । नेपाली जनताको विरोधका वावजुद पनि प्रधानमन्त्री ओलीले अरुण तेस्रोको भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग संयुक्त रूपमा उद्घाटन गरे । हाम्रो जस्तो मुलुकमा राष्ट्रिय स्वाधिनताको रक्षाको लागि नागरिकता सम्बन्धि नीति कडा बनाउनु पर्नेमा यो सरकारले खुकुलो बनाउने कानून संसदमा पेस गरिरहेको छ । जनस्तरबाट त्यसको विरोध भईरहेको छ । यो विधेयकले नेपाललाई फिजिकरण बनाउने कुरामा सहयोग पुग्दछ । भारतीय पक्षबाट सयौं ठाउँमा नेपालको सीमाना अतिक्रमण भइरहेको छ त्यो अतिक्रमण रोक्न सरकारले कतै कुनै कदम चालिरहेको छैन । के ओली-प्रचण्डले नेतृत्व गरेको नेकपाको यस्ता कार्यहरूलाई 'देशभक्तिपूर्ण आन्दोलनको अगुवाई' हो भनेर भन्न सकिन्छ ? जुन गोरुको सिङ छैन उही गोरुको नाम तिखे भने झैं जुन पार्टीले राष्ट्रहित, जनहित विपरीत काम गर्दै आइरहेको छ त्यसै पार्टीलाई 'देशभक्तिपूर्ण आन्दोलनको अगुवा शक्ति' भन्ने । ? त्यो कदापी हुन सक्दैन । ओली-प्रचण्डले नेतृत्व गरेको पार्टीले अहिले गरिरहेको उपरोक्त कार्यहरू देशघाती राष्ट्रघाति कार्यहरू हुन् । यस्तो कार्य गर्ने पार्टीलाई नेकपा (मसाल)ले देशभक्त जनतान्त्रिक शक्ति भन्दछ । यसो भनेर वास्तवमा नेकपा (मसाल)ले पनि देश र राष्ट्रहित विपरीत काम गर्ने शक्तिलाई सहयोग पुऱ्याई रहेको छ ।

आफुले भने अनुसार संविधान बनेन भनेर भारतीय विस्तारवादले प्रतिक्रियावादी संविधान जारी हुँदा पनि नेपाललाई अघोषित नाकाबन्दी लगायो । त्यसबेला भारतीय नाकाबन्दीको विरोधमा केपी ओलीले जुन अडान देखाए त्यसलाई सही मान्नु पर्दछ तर भारतीय नाकाबन्दीको अगाडि नझुके जस्तो देखिए पनि अर्को दिशाबाट भारतको स्वार्थ पुर्ति गर्ने काम उनले गरे र गरिरहेका छन् । अरुण तेस्रो भारतलाई सुम्पनु, उपल्लो कर्णाली जलविद्युत परियोजना भारतीय कम्पनीलाई दिनु, नागरिकता सम्बन्धि नीति खुलुलो बनाउँनु र भारतीय विस्तारवादी शासन वर्गको दलाल मधेशवादी पार्टीको मागमा संविधान संशोधन गर्न सहमत हुनुले नाकाबन्दीको बेला देखाएको अडानलाई केयौं गुणा पछाडि धकेलेकोछ । यसरी केपी ओली रूपमा भारतको नाकाबन्दीको विरोधमा देखिएता पनि सारमा भारतीय विस्तारवादको अगाडि झुकेका छन् ।

नेपालको कम्युनिष्ट आन्दोलनमा एउटा डरलाग्दो प्रवृति छ । त्यो हो सरकारमा नहुँदासम्म राष्ट्रियहित र देशभक्तिको कुरा गर्ने । तर सरकारमा पुगे पछि राष्ट्रिय हितसम्बन्धी आफुले उठाएका सबै एजेण्डाहरू छोडेर विस्तारवाद र साम्राज्यवादको अगाडि आत्मसमर्पण गर्ने । कम्युनिष्ट पार्टीको नामबाट सरकारमा गएका नेताहरूको यस प्रकारको व्यवहारले गर्दा सच्चा देशभक्तहरू र सच्चा क्रान्तिकारी कम्युनिष्टहरूलाई पनि निकै अप्ठ्यारो चुनौती आएको छ । जनतामा सबै यस्तै हुन भन्ने भ्रम सृजना भएको छ । त्यो भ्रमलाई चिर्न विस्तारवाद र साम्राज्यवादको सबै हस्तक्षेपकारी कार्यहरू विकल्पमा दृढतापूर्वक संघर्ष गर्नु पर्दछ । साथै व्यक्तिगत पद प्रतिष्ठा र स्वार्थलाई प्राथमिकता दिने भन्दा आम शोषित पीडित जनता र राष्ट्रिय स्वाधीनताको लागि सबैकुरा त्याग्न सक्ने नेतृत्वको विकासमा जोड दिनु पर्दछ ।

## माओवादको...

बताएका छन् ।

कार्यक्रमका प्रमुख अतिथि गजुरेलले कार्यक्रममा सहभागीहरूलाई सम्बोधन गर्दै भने- 'माओदिवसलाई सम्बोधन गर्ने सन्दर्भमा नेपालमा हामीहरूले पनि माओका योगदानहरूको रक्षा, प्रयोग र विकास गर्ने क्रममा महान् जनयुद्ध गरी माओवादलाई स्थापित गराउन ठूलो योगदान दिएका छौं । विश्व कम्युनिस्ट आन्दोलनमा माओवादलाई स्थापित गराउँदै सगराथाको देशबाट रातो झण्डा फहराउँदैछ भन्ने सन्देश संसारभर प्रवाह गऱ्यौं पनि । तर पार्टीको मूल नेतृत्वले गद्दारी गरेपछि क्रान्तिले सेटब्याक खान पुग्यो ।'

'गद्दारी गरेका पुष्पकमल दाहाललगायतका नेताहरू हाल संशोधनवादी हुँदै प्रतिक्रियावादी बनेर सरकारमा सामेल भएका छन्' भन्दै गजुरेलले 'जनयुद्ध गर्दा यस्तो खाले धोखा नहोस् भनेर ७-बुँदे प्रतिवद्धतासमेत् लेखेर हस्ताक्षर गरेको र सामूहिक फोटो पनि खिचाएको स्मरण गरे । वास्तवमा त्यो खेलवाड नभएर अन्तर मनदेखिको वाचा थियो तथापि पछि आएर पुष्पकमल दाहालले ठीक यहीनेर धोखा दिए' भन्दै गजुरेलले थपे- 'हाल जनताले तपाईहरूले पनि धोखा दिनुहुन्न भन्ने के ग्यारेन्टी छ र भन्ने प्रश्नको सोझो जवाफ भनेको यति ठूलो धाखाहुँदा पनि कसले माओवादलाई पकडेर हिंडिरहेको छ र कसले छाडेर हिंडिरहेको छ , त्यहीबाट थाह हुन्छ ।'

चिनियाँ कम्युनिष्ट पार्टीको इतिहास हेर्दा पनि सैयौं धोखाधडी र उतारचढाव भएको भन्दै पार्टी निरन्तर क्रान्तिमा अघि बढिरहेकाले मात्रै क्रान्ति सम्पन्न भएको भन्दै गजुरेलले नेपालमा पनि गद्दार र धोखेबाजहरूले देश र जनतालाई धोखा दिए पनि आफूहरू र क्रान्तिकारी माओवादी पार्टी निरन्तर परिवर्तनको दिशामा अघि बढिरहेको बताए ।

विचारमा सार्वभौम विकास भनेको मार्क्सवादी विचारका तीन संघटक अंगहरू दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका क्षेत्रमा विकास हो । मजदुर-किसानको नेतृत्वमा सर्वहारा वर्गले पुँजीवादी क्रान्ति गर्ने भन्ने माओको निचोड, १९५६ मा रुसमा प्रतिक्रान्ति र ख्रुश्चेवसँगको महाविवाद, चीनमाथि रुसी असहयोग र हस्तक्षेपको धम्की, माओको विचारमा शतिसाल झैं अडान आदि माओवादी विचार र सिद्धान्त निर्माणका आधारहरू थिए ।

कार्यक्रमका अध्यक्ष तथा ३ नं. प्रदेश सचिव क. सागरले 'क्रान्तिको नेतृत्व गर्दै पार्टीलाई नयाँ दिशा निर्देश गर्दै माओले नयाँ जनवादी क्रान्तिको सिद्धान्त प्रतिपादन गरेको' कुरामा जोड दिएका थिए । आफूहरूले पनि नेपालमा पनि जनयुद्ध गरेको स्मरण गर्दै क. सागरले मूल नेतृत्वले धोखा दिए पनि आफूहरूले निरन्तर झण्डा उठाएर अघि बढिरहेको बताए ।

कार्यक्रमका सञ्चालक तथा पीवीएम् प्रभाकिरणले 'माओले लम्बे अभियान सुरु गरेको कुरा उप्काउँदै तात्कालीन च्याङकाइशेकको सरकारले घेरा हाल र सखाप पार भन्ने रणनीति अख्तियार गरे पनि त्यो असफल भएको' भन्दै 'पटकपटक घेरा तोडेर, तातुनदी तर्दाको क्षणमा आफ्ना धेरै सहयोद्धाहरू गुमाएर पनि फेरि जनमुक्ति सेना पुनर्गठन गरेर माओले कुशल नेतृत्व प्रदान गरी चीनमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्न सफल भएको कुरामा जोड दिए । पटकपटकको असफलतालाई पचाएर साहसका साथ सफलतामा पुऱ्याउने, माओको शिक्षा आफूहरूका लागि पनि प्रेरणा भएको कुरा उनले जोड दिएका थिए ।

कार्यक्रममा वक्ता अतिथिहरूका साथै स्थायी समितिका सदस्य क. राजवीरको पनि उपस्थिति थियो ।

# क्रान्तिकारी पत्रकार महासंघ सुदूरपश्चिम प्रदेशको भेला सम्पन्न



कैलाली । क्रान्तिकारी पत्रकार महासंघको सुदुरपश्चिम प्रदेश समितिको भेला सम्पन्न भएको छ । भेलाले संयोजकमा धनन्जय अवस्थीलाई निर्वाचित गरेको छ । कैलालीको अत्तरीयामा शनिबार सम्पन्न भेलाले अवस्थीको नेतृत्वमा २ सदस्य पछि थप्ने गरी नौं सदस्यीय प्रदेश कमिटि निर्वाचित गरेको हो ।

निर्वाचित समितिको सदस्यमा धनन्जय अवस्थी (मूलबाटो डटकम) कञ्चनपुर, भुवन भट्ट (महाकाली एफएम) कञ्चनपुर, अंकिता भट्ट (झलारी एफएम) कञ्चनपुर, भिमबहादुर बिक (कोसेली एफएम) कैलाली, प्रेम बोहरा (वर्गदृष्टि साप्ताहिक) डडेल्धुरा, दशरथ साउद अमरगढी एफएम) बझाङ, भानुभक्त ढकाल (हरपलनेपाल डटकम) अछाम रहेका छन् ।

क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय अध्यक्ष इन्द्र राउतको प्रमुख आतिथ्यता तथा नेकपा (क्रान्तिकारी माओवादी) का पोलिटव्यूरो सदस्य एवं सुदुरपश्चिम प्रदेश सेक्रेटरी अटलको विशेष आतिथ्यतामा सम्पन्न भेलालाई क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य तथा कैलाली इन्चार्ज डायमण्ड, केस तथा कञ्चनपुर इन्चार्ज क्षितिज, कैलाली पार्टी सेक्रेटरी आरपी, कञ्चनपुर पार्टी सेक्रेटरी विक्रान्त, अछाम पार्टी सचिव कैलाश, क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय कार्यालय सदस्य लोकराज जैसी, अखिल (क्रान्तिकारी) का नेता रामबहादुर महरालगायतले भेला सफलताको शुभकाना दिएका थिए । भेलामा प्रदेश अन्तर्गतका जिल्लाहरूबाट प्रतिनिधि पर्यवेक्षकहरूको सहभागिता रहेको थियो । भेलाका प्रमुख अतिथि तथा विशेष अतिथिले क्रान्तिकारी पत्रकार महासंघले खेल्नुपर्ने भूमिकाका विषयमा चर्चा गरेका थिए ।

भेलापछि बसेको नवनिर्वाचित कमिटिको पहिलो बैठकले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवालमा देखिएका समस्याबारे पत्रकारीता मार्फत् जनआवाजहरू बुलन्द पार्ने, साना लगानीका मिडियाको हक, हित, संरक्षणका लागि सम्बद्ध निकायहरूसँग छलफल गर्ने, ज्ञापन पत्रसहित संघर्षका कार्यक्रमहरू सञ्चालन गर्ने, पेशागत सुरक्षा, श्रमजीवि पत्रकार ऐनको कार्यान्वयन लगायतका मुद्दाहरू सशक्त रूपमा उठान गर्ने लगायतका विषयमा महत्वपूर्ण निर्णय समेत गरेको छ ।

उक्त बैठकले नवनिर्वाचित प्रदेश समिति सदस्यहरूको कार्य विभाजन समेत गरेको छ । कार्य विभाजन अनुसार दार्चुला कार्यालय, कैलाली भिम बिक, डोटी डढेल्धुरा र वैतडी प्रेम बोहोरा, बाजुरा र अछाम भानुभक्त ढकाल, बझाङमा दशरथ साउदलाई जिम्मेवारी तोकेको छ ।

पछिल्लो समयमा क्रान्तिकारी पत्रकार महासंघ देशव्यापी रूपमा संगठन निर्माण तथा भेला, प्रशिक्षणको तयारीमा जुटिरहेको छ । यसअघि प्रदेश नम्बर चारको भेला पोखरामा सम्पन्न गरेको महासंघले यसपछि अन्य प्रदेशहरूमा समेत तयारी गरिरहेको जनाएको छ । महासंघले प्रदेश तथा जिल्ला स्तरका भेला, प्रशिक्षणहरू माघ अन्तिमसम्म सक्दै फागुनको अन्तिमसम्म संगठनको राष्ट्रिय सम्मेलन गर्ने व्यापक तयारी गरिरहेको छ ।









**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : बद्री बजगाई, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : सचिरनन्द महर्जन, **फोटो**: जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।